का.जि.प्र.का.द.नं. १००/०५९/६०

७ मंसिर २०८१,
शुक्रबार
22 November, 2024
Friday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक २७३ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# आक्रामक विपक्षी

**निमिष झा/मध्यान्ह**
काठमाडौं, ६ मंसिर ।

दसैं सकिएपछि प्रतिपक्षी दलहरूको बैठक बस्यो। बैठकले बाढी पहिरोपीडितको पुनर्स्थापनामा सरकार गम्भीर नभएको र विपद्मा पनि सरकारले राम्रोसँग काम गर्न नसकेको निष्कर्ष निकाल्यो। त्यसपछि विपक्षी दलहरूले ५ कात्तिकमा प्रधानमन्त्री केपी शर्मा ओलीलाई ज्ञापनपत्र बुझायो।

नेपाली कांग्रेस र नेकपा एमाले नेतृत्वको सरकार बनेपछि पहिलो पटक विपक्षी दलहरू सरकारविरुद्ध उभिए।

अहिले सरकार झण्डै दुई तिहाइको छ। संसद्का दुवै ठूला दल कांग्रेस र एमाले मिलेर गठबन्धन गरेका छन्। प्रतिपक्षमा सबैभन्दा ठूलो दल माओवादी केन्द्रदेखि स्वतन्त्र सांसदसम्म एक ठाउँमा उभिएका छन्।

माओवादीपछि ठूलो दल राष्ट्रिय स्वतन्त्र पार्टी आफ्ना सभापति रवि लामिछाने पक्राउविरुद्ध चरणबद्ध सडक आन्दोलनमा छ। रास्वपाले ८ मंसिरदेखि दोस्रो चरणको आन्दोलन घोषणा गरेको छ।

रास्वपाले यो प्रकरणमा प्रतिपक्ष सबैको साथ खोजिरहेको छ। तर, लामिछाने प्रकाउपछि विपक्षी दलको कुनै प्रतिक्रिया आएको छैन। यद्यपि, लामिछाने पक्राउबाहेकका मुद्दामा सबै विपक्षी दलहरू एकै ठाउँ रहेको नेताहरू दाबी गर्छन्।

साना पार्टी विभाजन गर्न सरकारले अध्यादेश ल्याउन खोज्दा पनि विपक्षीहरू एक भएका थिए। अध्यादेश रोक्न प्रतिपक्षले राष्ट्रपति रामचन्द्र पौडेललाई भेटेर आग्रह पनि गरे। सँगै सरकारविरुद्ध झन् सशक्त हुन प्रतिपक्ष कार्यदल पनि बनाए।

राष्ट्रिय मुद्दाका साझा सरोकारका विषयसहित सुशासन र भ्रष्टाचारका सवालमा सदन र सडकबाट दबाब बढाउने रणनीति विपक्षको छ।

### सडक र सदनबाट घेर्ने रणनीति

कांग्रेस र एमाले सरकारमा भएको अवस्थामा विपक्षी दलहरूको आकार तुलनात्मक रूपमा सानो छ। यद्यपि, विपक्षी दलहरूले सरकारलाई विभिन्न मुद्दामा निसाना बनाउँदै आएका छन्।



"ओली सरकार बनेको पहिलो दिनदेखि नै राम्रो काम गरेन। यो सरकार सुशासन, सामाजिक न्याय, समृद्धिको पक्षमा देखिएको छैन भन्ने कुरा सरकारको पछिल्ला गतिविधिले नै पुष्टि गर्दै लगेको छ"
■ **मनीष झा**
सहप्रवक्ता, रास्वपा



"विचार मिल्ने दलहरूसँग एकता र बृहत् वामपन्थी ध्रुवीकरणसहित सरकारविरुद्ध सदन र सडकबाट सशक्त प्रतिरोध गर्ने विपक्षीको प्रयास स्वाभाविक हो"
■ **महेश्वर दाहाल**
पोलिटब्युरो सदस्य, माओवादी केन्द्र

विपक्षीहरूले सरकारको कडा आलोचना गरिरहेको समयमा सत्ता पक्ष, त्यसमा पनि सरकारकै नेतृत्व गरिरहेको दल एमाले पनि शुक्रबार शक्ति प्रदर्शन गर्दै छ।

सरकारविरुद्ध फैलाएको अफवाह तथा अराजकतालाई चिर्न जागरण सभा गर्न लागिएको एमालेको भनाइ छ। सरकारको गलत कामप्रति खबरदारी गर्न विपक्षी दलहरूले सदन र सडक प्रयोग गर्ने अभ्यास लोकतान्त्रिक मुलुकमा हुन्छ तर शान्ति सुरक्षा, जनताका माग पूरा गर्ने ठाउँमा बसेको सत्तापक्ष नै शक्ति प्रदर्शनमा उत्रिनु राम्रो नभएको राजनीतिक विश्लेषकहरू बताउँछन्।

प्रमुख प्रतिपक्ष दल माओवादीले आफ्नो नेतृत्वको तत्कालीन सरकारले खोलेका भ्रष्टाचारको फाइल बन्द गर्न, प्रतिगमनतर्फ जान सरकार उद्यत रहेको आरोप लगाउँदै आएको छ। सत्ताबाट बाहिरिएको माओवादीले १० कात्तिकमा राजधानीमा पहिलो पटक ओली सरकारविरुद्ध खबरदारी सभा गर्‍यो।

'ओली सरकार बनेको पहिलो दिनदेखि नै राम्रो काम गरेन। यो सरकार सुशासन, सामाजिक न्याय, समृद्धिको पक्षमा देखिएको छैन भन्ने कुरा सरकारको पछिल्ला गतिविधिले नै पुष्टि गर्दै लगेको छ', रास्वपाका सहप्रवक्ता मनीष झाले भने। साझा मुद्दाका विषयमा प्रतिपक्षमा रहेका दलहरूबीच सहकार्य, तालमेल र गठबन्धन बनेको उनले बताए।

समाजवादी मोर्चामा रहेको दलहरूलाई थप सक्रिय बनाउने तयारी माओवादी केन्द्रको छ। विप्लव नेतृत्वको नेकपाले नेपाल कम्युनिस्ट पार्टी स्थापना दिवसको अवसर पारेर ८ मंसिरमा काठमाडौंलगायत देशैभरि कार्यक्रम गर्दै छ।

समाजवादी मोर्चाका संयोजकसमेत रहेका महासचिव नेत्रविक्रम चन्द 'विप्लव'ले आगामी दिनमा मोर्चालाई प्रभावकारी बनाएर लैजाने विषयमा शीर्ष नेताहरूसँग छलफल भइरहेको बताएका छन्।

अहिलेको व्यवस्थाविरुद्ध पृथक् आन्दोलनमा होमिएको राष्ट्रिय प्रजातन्त्र पार्टी विगत ९ महिनादेखि सडक आन्दोलनमा छ। सरकार समक्ष ४० बुँदे माग राखी गत वर्ष फागुनदेखि राप्रपा संघर्षमा होमिएको छ।

विवादित व्यवसायी दुर्गा प्रसाईं र उनका समर्थकले पनि काठमाडौंबाटै गणतन्त्रको विकल्पमा चरणबद्ध आन्दोलन गर्दै आएका छन्। प्रधानमन्त्री तथा एमालेका अध्यक्ष ओलीले कम्बोडियाको टेलिकममा ठूलो लगानी गरेको विवादास्पद भिडियो सामग्री प्रसारण भएपछि प्रसाईं पक्राउ परेका छन्। प्रसाईं पक्राउको विरोधमा उनका समर्थकले काठमाडौं केन्द्रित आन्दोलनको तयारी गरेका छन्।

सरकारबाट हटेपछि माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले आफूले 'कम्फर्टेबल' महसुस गरेको बताएका थिए। 'मैले प्रधानमन्त्री हुँदाभन्दा कम्फर्टेबल फिल गरेको छु, रिल्याक्स छु। जनताको बीचमा गएको छु', उनले भनेका थिए।

तर, आफूले 'रिल्याक्स फिल' गरेको बताउने प्रचण्डले त्यसलगत्तै आफ्नो पार्टीसँग ३२ सिटको अझै 'म्याजिक नम्बर' नै रहेको दाबी गरे।

'अहिले पनि हाम्रो संख्या म्याजिक नै छ किनभने ३२ सिट भएकाले प्रमुख विपक्षी दल छ हाम्रो पार्टी। विपक्षी दल भनेको गभर्मेन्ट इन वेटिङ भन्छ, पर्खिरहेको सरकार। यो सरकारलाई उल्ट्याएर बन्ने सरकार हाम्रै हो फेरि। त्यस कारण हामी चिन्तित हुनुपर्ने कारण छैन', उनको भनाइ थियो।

प्रचण्डको यो भनाइले उनी सरकारमा पुनः जान छट्पटाइरहेको देखाएको छ। विपक्षीलाई एकजुट गरेर सरकारमा पुनः फर्कने प्रचण्डको योजना छ भने रास्वपाले सभापति लामिछाने पक्राउविरुद्ध विपक्षीको साथ खोजेको छ।

ओली सरकार सुशासन कायम गर्ने भन्दा पनि अघिल्लो सरकारले ल्याएको भ्रष्टाचारविरुद्धको अभियानलाई बिथोल्न उद्यत रहेको माओवादी केन्द्रका पोलिटब्युरो सदस्य महेश्वर दाहाल बताउँछन्।

>>> पृष्ठ २ मा

# विपद् निम्त्याउँदैरहेछ क्रसर सरकारलाई छैन चिन्ता

*सरकारी मापदण्ड लागू भए अधिकांश क्रसर बन्द हुन्छन् । यस कारण राजनीतिक प्रभावका आधारमा उद्योगीहरू नयाँ क्रसर उद्योग खोले दर्ता प्रक्रियामै जाँदैनन् र पुराना पनि नवीकरण गर्दैनन्*



रोशी खोला किनारमा संचालित क्रसर उद्योग तथा त्यस क्षेत्रको पहिरो र बाढी ।
तस्बिर : लेनिन गुरुङ/सामाजिक संजाल ।

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ६ मंसिर ।

गत असोज दोस्रो साता अविरल वर्षापछिको बाढी पहिरोले काभ्रेपलाञ्चोक सबैभन्दा बढी प्रभावित भयो। रोशी खोला आसपास रहेका ढुंगाखानी तथा क्रसर उद्योगका कारणले बढी क्षति भएको सरोकारवालाहरू बताउँछन्। विपद्पछि स्थानीयले ढुंगाखानी र क्रसर उद्योगले जथाभावी उत्खनन गर्दा बाढी पहिरोले क्षति पुर्‍याएको भनेर सरकारको ध्यानाकर्षण गरे। तर, सरकार गम्भीर नभएको सरोकारवालाहरू बताउँछन्।

सरकारले गम्भीर भएर अवैध क्रसर बन्द नगरे काभ्रेमा जस्तै अन्यत्र पनि प्राकृतिक विपद् निम्तने विज्ञको चेतावनी छ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले हालै पूर्वाधार, जलस्रोत, जलवायुलगायत विभिन्न क्षेत्रसँग सम्बद्ध विज्ञहरूसँग नेपालको भूगोलअनुसारको विकास मोडेलबारे छलफल गरेको थियो। उक्त छलफलमा सहभागी विज्ञहरूले अवैध ढुंगाखानी उद्योग र क्रसर उद्योग नेपालको विकासमा बाधककै रूपमा देखापरेको टिप्पणी गरे। सरकारले किन अवैध ढुंगाखानी उद्योग र क्रसर उद्योगलाई नियन्त्रण गर्न सक्दैन भनेर प्रश्न गरे।

संरचना विज्ञ राजन सुवाल खोला नदीको प्राकृतिक बहावलाई रोकेर कुनै पनि संरचना निर्माण गर्न नहुने बताउँछन्।

>>> पृष्ठ २ मा

## आँखीझ्याल



३ जनताले महसुस गर्नेगरी काम गर्न प्रधानमन्त्रीको निर्देशन



४ समाजको विकासक्रम र द्वन्द्व



इजरायली प्रधानमन्त्रीविरुद्ध पक्राउ पुर्जी जारी ९

नेपालले कन्ट्री रेटिङमा पायो 'डबल बी माइनस' १२




## वैदेशिक रोजगार विशेष

# युनिभर्सल ट्राभलको हदैसम्मको बदमासी
## कोरिया उड्न पाएनन् १४ सय कामदार

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ मंसिर ।

युनिभर्सल टुर्स एन्ड ट्राभल्सले हवाई टिकट उपलब्ध नगराएपछि सम्पूर्ण प्रक्रिया पूरा गरेका करिब १४ सय नेपाली कामदार रोजगारीका लागि दक्षिण कोरिया उड्न पाएका छैनन्। रोजगार अनुमति प्रणाली (इपीएस)मार्फत रोजगारीका लागि भिसा लागेका नेपाली कामदारको हवाई टिकटको ठेक्का कोरियन एयरको नेपाली एजेन्ट युनिभर्सल टुर्स एन्ड ट्राभल्स प्रा. लि.ले पाएको छ।

युनिभर्सल टुर्स एन्ड ट्राभल्स आफूसँगको सम्झौता नवीकरण हुनुपर्ने भन्दै लविङमा रहेका बेला वैदेशिक रोजगार विभागको इपीएस कोरिया शाखाले आगामी २० मंसिरसम्म नयाँ टेन्डरको सूचना निकालेको छ। त्यसपछि उक्त ट्रभलले विभिन्न बहाना बनाएर टिकट रोकेको बताइएको छ।

इपीएसमार्फत रोजगारीका लागि कोरिया जाने नेपाली कोरियन एयरमार्फत लैजाने गरिएको छ। त्यसका लागि एकतर्फी यात्राका लागि करिब १ लाख २० हजार रुपैयाँ तिर्नुपर्ने बाध्यता छ।

>>> पृष्ठ २ मा

# अन्तर्राष्ट्रिय हवाई भाडा दरमा छुट

**काठमाडौं/मस–** राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स)ले अन्तर्राष्ट्रिय गन्तव्यको हवाई भाडा दरमा छुट दिएको छ। निगमका प्रवक्ता रमेश पौडेलका अनुसार न्यूनतम २ हजार ५०० देखि अधिकतम ५ हजार रुपैयाँसम्म छुट दिइने छ।

काठमाडौंबाट भारतको नयाँ दिल्ली, मुम्बई र बैंलोर सेक्टरका लागि बजार भाडा दरमा २ हजार ५०० रुपैयाँसम्म छुट दिइनेछ भने कतारको दोहा, युनाइटेड अरब इमिरेट्स (यूएई)को दुबई, साउदी अरेबियाको दमाम, मलेसियाको क्वालालम्पुर, हङकङ, थाइल्यान्डको बैंकक र जापानको नारिता उडानमा ५ हजार रुपैयाँसम्म छुट दिइएको निगमद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

हवाई भाडा दर घटाउन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको विशेष निर्देशनबमोजिम राष्ट्रिय दायित्व निर्वाह गर्दै अन्तर्राष्ट्रिय गन्तव्यहरूको भाडा दरमा छुट दिन थालिएको निगमले जनाएको छ। हवाई भाडा वृद्धिबारे गुनासो बढेपछि पर्यटनमन्त्री बद्रीप्रसाद पाण्डेले बुधबार अन्तर्राष्ट्रिय उडान गर्ने हवाई कम्पनीलाई २४ घण्टाभित्र हवाई भाडा

>>> पृष्ठ २ मा

# प्रदर्शनै प्रदर्शन




**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, ६ मंसिर ।

कांग्रेस र एमालेको सरकार बनेपछि देश नै प्रदर्शनमय बनेको छ। हरेक दिन कुनै न कुनै प्रकारको प्रदर्शन भइरहेको छ।

सरकारको नेतृत्व गरिरहेको एमालेले शुक्रबार काठमाडौंमा जागरणसभा गर्दै छ। यो सभामा १ लाख जनता उतार्ने एमालेको तयारी छ। जनसभाबाट एमालेको वास्तविक शक्ति देखाइने नेताहरू बताउँछन्। प्रधानमन्त्रीविरुद्ध भइरहेको प्रदर्शनकै प्रतिवाद गर्ने योजनाअन्तर्गत एमालेले जागरण सभा गर्न लागेको हो।

सडक प्रदर्शनमा एमाले एक्लै भने छैन। विपक्षी दल पनि सरकारविरुद्ध सडकमै छन्। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) आफ्ना सभापति रवि लामिछानेविरुद्ध गत २ कात्तिकदेखि चरणबद्ध आन्दोलनमा छ।

प्रमुख प्रतिपक्षी माओवादी केन्द्रले १० कात्तिकमा काठमाडौंमा सरकारविरुद्ध खबरदारी सभा गरेको थियो। विपक्षमा रहेका दलहरू मात्र होइन, विभिन्न पक्ष पनि सडक प्रदर्शनमा छन्।

विपक्षी दलहरू सडकबाट सरकारलाई कस्ने उपक्रम गरिरहेका बेला सडकमा एकपछि अर्को प्रदर्शन भइरहेको छ।

कम्बोडियाको टेलिकममा प्रधानमन्त्री केपी शर्मा ओलीको ठूलो लगानी रहेको भन्ने विवादास्पद भिडियो सामग्री प्रसारण गर्ने व्यवसायी दुर्गा प्रसाईंलाई प्रहरीले पक्राउ गरेपछि उनका समर्थकहरू पनि प्रदर्शनमा उत्रिएका छन्। उनीहरू काठमाडौं केन्द्रित आन्दोलनको तयारीमा पनि छन्।

'निर्णायक आन्दोलन' भन्दै सहकारीपीडितहरू सडकमा उत्रिएका छन्। सहकारी बचतकर्ता संरक्षण राष्ट्रिय अभियानको नेतृत्वमा उनीहरू सडकमा उत्रिएका हुन्। पीडितहरूले आफूसँग सरकारले गरेका सहमति कार्यान्वयन गर्न माग गरिरहेका छन्। उनीहरूले माग पूरा नभएसम्म सडक आन्दोलन जारी रहने बताएका छन्।

काठमाडौंका नदी तथा खोला किनारका मापदण्ड खारेज गर्न माग गर्दै प्रदर्शन भएको छ। गैरन्यायिक सडक

>>> पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com

७ मंसिर २०८१, शुक्रबार
22 November 2024, Friday

# मेडिकल कलेज तथा सरकारी अस्पताललाई शुल्क विवरण सार्वजनिक गर्न परिपत्र



**काठमाडौं/मस-** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आफ्नो सेवा शुल्क सार्वजनिक गर्न निजी मेडिकल कलेज तथा सरकारी अस्पताललाई परिपत्र गरेको छ। मन्त्रालयले पठाएको पत्रमा आफ्ना स्वास्थ्य सेवामा लाग्ने शुल्कको विवरण वेबसाइटमा राख्न तथा सेवाग्राहीले सहज रुपमा जानकारी पाउने व्यवस्था गर्न भनेको हो।

मन्त्रालयले पठाएको पत्रमा शल्यक्रिया शुल्क खुलाउनु पर्ने, सबै खालका शय्याको विवरण, रेडियोलोजी सेवा तथा ल्याबको शुल्क विवरणसमेत खुलाउन भनिएको छ। त्यसैगरी टिकटसहितका अरु सेवाको विवरणसमेत खुलाएर सेवाग्राहीलाई जानकारी गराउन मन्त्रालयले पत्राचार गरेको छ।

तोकिएभन्दा बढी शुल्क लिएको गुनासो सुनिएपछि स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले सबैलाई जानकारी पाउने गरी शुल्क विवरण राख्ने व्यवस्था मिलाउन भनेका थिए। मन्त्री पौडेलले चासो लिए पछि मन्त्रालयको गुणस्तर मापन तथा नियमन महाशाखाले शुल्क विवरण सार्वजनिक गर्न परिपत्र गरेको हो।

मन्त्रालयका प्रवक्ता डा बुढाथोकीले मन्त्रालयले परिपत्रपछि विवरण सार्वजनिक भए नभएको अनुगमन गर्ने तयारी गरेको बताए। 'पहिलो चरणमा अनुगमन गरिनेछ। बढी लिएको वा शुल्क सार्वजनिक नगरेको पाइए नियमानुसार कारबाही हुनेछ', उनले भने।

# बालकुमारीमा विद्युत् चुहावट भएर आगलागी



**काठमाडौं/मस-** बालकुमारीस्थित एउटा घरमा मध्यरातमा विद्युत् चुहावट भएर आगलागी भएको छ।

महानगरीय प्रहरी प्रभाग कोटेश्वरका अनुसार बालकुमारीस्थित सिसिआरसी कलेज नजिक स्वाभिमान श्रेष्ठको दुई तले घरमा एक्कासी विद्युत् चुहावट भएर आगलागी भएको हो। आगलागीबाट घरको पहिलो तलामा भोजराज भट्टले सञ्चालन गरेको 'डगेरा फार्मेसी' जलेर नष्ट भएको प्रभागका सहायक हवल्दार रुद्रप्रसाद गौतमले जानकारी दिए।

यसैगरी आगलागीबाट श्रेष्ठको घरसँगै एउटा पान पसल र मःम पसल जलेर नष्ट भएको प्रहरीले जनाएको छ। सँगैको 'जुम्बा डान्स सेन्टर' पनि जलेर नष्ट भएको छ। आगलागीबाट भएको क्षतिको विवरण यकिन नभएको प्रहरीले जनाएको छ। पाँचवटा दमकलको सहयोगमा एक घण्टापछि आगो निभाइएको थियो। आगो निभाउन काठमाडौंका तीन र ललितपुरका दुईवटा दमकलका साथै प्रहरी परिचालन गरिएको थियो।

# ठगी गर्ने ३ जना पक्राउ

**काठमाडौं/मस-** आकर्षक तलबको प्रलोभनमा पारी विभिन्न मुलुकमा वैदेशिक रोजगारीमा पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा प्रहरीले ३ जनालाई पक्राउ गरेको छ। प्रहरीले चितवन कालिका नगरपालिका- ७ की २१ वर्षीया रचना परियार र डोटी बडीकेदार गाउँपालिका-२ का काठमाडौं तारकेश्वर नगरपालिका-१० बस्ने २७ वर्षीय प्रकाशबहादुर रोक्का मगरलाई पक्राउ गरेको छ।

परियारले वैदेशिक रोजगारीका लागि हँगेरी पठाइदिन्छु भन्दै २ जनाबाट १८ लाख र रोका मगरले माल्टा पठाइदिन्छु भन्दै १ जनाबाट १ लाख रुपैयाँ लिई सम्पर्कविहीन भएका थिए। रचनालाई काठमाडौं महानगरपालिका-१२ बाट र प्रकाशलाई टोखा नगरपालिका- ९ बाट पक्राउ गरेको हो। उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको प्रहरीले बताएको छ।

त्यस्तै, नक्कली फेसबुक आईडी बनाएर वैदेशिक रोजगारीमा पठाइदिन्छु भनी ठगीमा संलग्न रहेको अभियोगमा पर्साको वीरगन्ज महानगरपालिका- ३१ घर भई काठमाडौं तारकेश्वर नगरपालिका-७ बस्ने २१ वर्षीय सुरज पौडेललाई पनि प्रहरीले पक्राउ गरेको छ। पौडेलले फेसबुकबाट दुबईमा वैदेशिक रोजगारीका लागि आकर्षक तलबको अवसरको प्रलोभनमा पारी भिजिट भिसामा दुबईमा गई काम गर्न पाइने भनी विज्ञापन राखेर पीडितसँग २ लाख १५ हजार रुपैयाँ ठगेको प्रहरीले जनाएको छ। पौडेललाई पनि प्रहरीले वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको बताएको छ।

# कांग्रेस–एमालेको सहमतिमा चीन भ्रमणका एजेन्डा तय हुने




**धनगढी/मस-** गृहमन्त्री रमेश लेखकले प्रधानमन्त्री केपी शर्मा ओलीको आसन्न चीन भ्रमणमका क्रममा नेपाली कांग्रेस र नेकपा (एमाले) को साझा 'एजेण्डा' प्रस्तुत हुने बताएका छन्।

नेपाल प्रेस युनियन, कैलालीले धनगढीमा आयोजना गरेको पत्रकार सम्मेलनमा गृहमन्त्री लेखकले सत्ताघटक दुई ठूला राजनीतिक दलको तर्फबाट भ्रमणअघि तयार गरिने साझा एजेण्डा नै चीन भ्रमणमा प्रस्तुत हुने भएकाले बजारमा फैलाइएको हल्लाजस्तो कुनै पनि समस्या नभएको स्पष्ट गरे। मुलुकमा राजनीतिक स्थिरता, सुशासन र समृद्धिका पक्षमा यो सरकार गठन भएको उल्लेख गर्दै गृहमन्त्री लेखकले सत्ता साझेदार प्रमुख दुई दलबीच अहिले कुनै पनि विषयमा असमझदारी नभएको बताए।

लोकतन्त्र र संविधानका विरुद्धमा हुने कुनै पनि गतिविधि सैह्य नहुने उल्लेख गर्दै उनले भने,'प्रमुख दुई पार्टीबीच आपसमा कुनै समस्या सिर्जना नहोस् भनेर केन्द्रदेखि जिल्ला तहसम्म दुवैतर्फका प्रतिनिधि सम्मिलित संयुक्त संयन्त्र बनाइएको छ, अराजकता र अस्थिरताको अन्त्यसहित राजनीतिक स्थिरता, सुशासन र समृद्धिका पक्षमा अघि बढको सरकारलाई अब कसैले रोक्न सक्दैन।'

# 'फर्मासिष्ट'ले अनिवार्य सेतो एप्रोन लगाउनुपर्ने

**काठमाडौं/मस-** आगामी पुस ४ गतेदेखि फर्मासिष्टहरूले सेतो एप्रोन लगाएर मात्र औषधि वितरण गर्नुपर्ने अनिवार्य व्यवस्था लागु गरिएको छ।

नेपाल फार्मेसी परिषद्ले एक सूचना जारी गर्दै कुनै पनि सामुदायिक फार्मेसी वा अस्पतालका फार्मेसीमा औषधि वितरकका रूपमा कार्यरत फर्मासिष्ट र फार्मेसी सहायकले औषधि वितरण गर्दा नामसहितको सेतो एप्रोन(बाहिरी पोसाक) अनिवार्य लगाउनुपर्ने व्यवस्था गरेको हो।

परिषद्का रजिष्ट्रार सञ्जीवकुमार पाण्डेले फर्मासिष्ट र फार्मेसी सहायकले यसको उल्लंघन गरेमा परिषद्को आचारसंहिता पालना नगरेको मानेर नियमानुसार कारबाही गरिने बताए। उनले भने, 'ड्रेसकोडको पालना भए/नभएको परिषद्बाट नियमित अनुगमन हुनेछ। पालना नभएको अवस्थामा परिषद्को नियमावली, २०५९ अनुसार कारबाही प्रक्रिया अघि बढाइन्छ।'

परिषद् ऐनको दफा ९ को उपदफा (क) ले दिएको अधिकार प्रयोग गरी फार्मेसी परिषद्ले फर्मासिष्टले हरियो पृष्ठभूमिमा सेतो रंगको अक्षरमा नाम, पद र परिषद् दर्ता नम्बर उल्लेख गरिएको ड्रेसकोड लगाउनुपर्ने नियम बनाएको छ। त्यस्तै, फार्मेसी सहायकले निलो पृष्ठभूमिमा सेतो रङ्गको अक्षरमा नाम, पद र परिषद् दर्ता नम्बरसहितको एप्रोन लगाउनुपर्ने व्यवस्था गरेको हो।

# फोनबाट रकम माग गर्ने डाक्टर पक्राउ



**काठमाडौं/मस-** प्रहरीले ह्वाट्सएपमार्फत आफू आपराधिक गिरोहको अन्डरकभर एजेन्ट भएको भन्दै फोन गरी रकम माग गर्ने गरेको अभियोगमा एक डाक्टरलाई पक्राउ गरी सार्वजनिक गरेको छ।

पक्राउ पर्नेमा भोजपुर नगरपालिका-११ घर भई हाल ललितपुरको महालक्ष्मी नगरपालिका सानो गाउँ बस्ने ३२ वर्षीय डा.आशिष दाहाल रहेको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुका सूचना अधिकारी एवं प्रहरी उपरीक्षक काजीकुमार आचार्यले जानकारी दिए।

उनले भने,'पक्राउ परेका दाहालले काठमाडौं उपत्यकाभित्र विभिन्न व्यक्तिलाई ह्वाट्सएपमार्फत आफु अन्डरवर्ल्ड नेटवर्कको अन्डर कभर एजेन्ट हो भनी विहारलगायत अन्य ठाउँबाट 'कन्टचाक्ट किलर' भाडामा लगाइ ज्यानसमेत मार्छु भनी म्यासेज गरी रु ५० हजारदेखि दुई लाखसम्म रकम माग गर्ने गरेको सूचनाका आधारमा काठमाडौंस्थित शंखमूलबाट पक्राउ गरिएको हो।'

पक्राउ परेका दाहाललाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि जिल्ला प्रहरी परिसर भद्रकाली पठाइएको सूचना अधिकारी आचार्यले बताए।

# १०८ फिट अग्लो 'हनुमान'को मूर्ति बनाइँदै

**बाँके/मस-** नेपालगञ्जमा १०८ फिट अग्लो 'हनुमान'को मूर्ति निर्माण भइरहेको छ। नेपालगञ्ज उपमहानगरपालिकाले १०८ फिट अग्लो हनुमानको मूर्ति बनाइरहेको जनाएको छ।

मन्दिरको फाउन्डेसन (बेस) र प्लेटफर्मको काम सकिएपछि अहिले मूर्ति निर्माणको काम सुरु गरिएको उपमानगरपालिकाका इञ्जिनीयर सुरज शर्माले बताए। उनका अनुसार हनुमानको खुट्टा ढलानको काम सम्पन्न भएको छ। उपमहानगरपालिका-२ हनुमानगढीस्थित बालदा तलाउमा १०८ फिट अग्लो हनुमानको मूर्ति निर्माण हुन लागेको हो। उपमहानगरपालिकाले जम्बुदिप कन्स्ट्रक्सन प्रालि काठमाडौंलाई दुई वर्षभित्र निर्माणकार्य सम्पन्न गर्ने गरी १७ मार्च २०२३ मा सम्झौता गरेको थियो। मूर्ति निर्माणका लागि भ्याटसहित रु १० करोड ११ लाख ५२ हजार ४९४ मा ठेक्का सम्झौता भएको इञ्जिनीयर शर्माले बताए। नेपालगञ्जमा धार्मिक पर्यटन प्रवर्द्धन गर्नका लागि ऐतिहसिक हनुमानको मूर्ति बनाउन थालिएको हो। भारतको अयोध्यामा राम मन्दिर बनेपछि राम र हनुमानको सम्बन्धलाई एकाकार गर्दै आयोध्यासँग नेपालगञ्जलाई 'टाइअप' गर्ने उद्देश्यका साथ हनुमानको मूर्ति निर्माण शुरु गरिएको नगर प्रमुख प्रशान्त विष्टले बताए।

**आक्रामक....**

'विचार मिल्ने दलहरूसँग एकता र बृहत् वामपन्थी ध्रुवीकरणसहित सरकारविरुद्ध सदन र सडकबाट सशक्त प्रतिरोध गर्ने विपक्षीको प्रयास स्वाभाविक हो', उनले भने।

रास्वपाका सहप्रवक्ता झाले पनि माओवादी, रास्वपा र एकीकृत समाजवादीबीच सशक्त प्रतिपक्षको भूमिका निर्वाह गर्न साझा मुद्दा लिएर अघि बढ्नेबारेमा छलफल भइरहेको जनाए।

माओवादी अध्यक्ष प्रचण्डले संसद्मा र संसद्बाहिर रहेका दलबीच सहकार्यका लागि पनि प्रस्ताव गरेका छन्। उनले पूर्वमाओवादी नेता प्रभु साहको आम जनता पार्टीलाई पनि समाजवादी मोर्चामा सहभागी हुन आग्रह गरेका छन्। डा. बाबुराम भट्टराईबाट अलग भएर नेपाल समाजवादी पार्टी गठन गरेका महिन्द्र राय यादवलाई पनि मोर्चामा समेटेका थिए। उनले सत्ताबाट बाहिरिएपछि समाजवादी मोर्चालाई पुनः सक्रिय बनाएका हुन्।

ओली सरकारबारे एकीकृत समाजवादी 'पर्ख र हेर'को रणनीतिमा छ। बृहत् वामपन्थी गठबन्धन बनाएर सरकारविरुद्ध सशक्त उत्रिने तयारीमा पार्टी छ। एकीकृत समाजवादी पहिले नै समाजवादी मोर्चामा छ। मोर्चामार्फत सातै प्रदेशमा जनपरिचालनका कार्यक्रम बनाउने गरी छलफल भइरहेको एक नेता बताउँछन्।

**विपद्...**

प्रकृति र पर्यावरण प्रतिकूल संरचनाहरूले मानवीय र भौतिक क्षतिसमेत बढाउने भएकाले यस्ता संरचना निर्माणलाई निरुत्साहित गर्नुपर्ने उनको राय छ।

पूर्वसचिव तुलसी सिटौला क्रसर तथा खानीजन्य वस्तुको उत्खननलाई वैज्ञानिक बनाउन नसके अर्को ठूलो जोखिम मोल्नुपर्ने बताउँछन्। मुख्य राजमार्गसँग जोडिएर खोलिने सहायक सडकहरू जथाभावी खोल्न नदिन कसिलो मापदण्ड बनाउन आवश्यक रुहेको उनको सुझाव छ।

पहिरो विज्ञ मुकेश अमात्य अवैध रूपमा क्रसर संचालन गर्ने र जथाभावी नदीजन्य सामग्री उत्खनन गर्ने कार्य रोक्न ढिला भइसकेको उनको राय छ। यस सम्बन्धमा तत्काल आवश्यक कदम चाल्न उनको सुझाव छ।

जलस्रोत विज्ञ चुर्णबहादुर ओली नदी कटानबाट हुने क्षति रोक्न सडक तथा पुल निर्माणसँगै नदी किनाराको व्यवस्थापन पनि उत्ति नै जरुरी रहेको बताउँछन्।

सोसाइटी अफ ट्रान्सपोर्ट इन्जिनियरका अध्यक्ष राजेन्द्र शर्मा काफ्ले जथाभावी क्रसर उद्योग संचालनले पर्यावरण र पूर्वाधार दुवैमा क्षति गरिरहेको ख्याल गर्न सरकारलाई सुझाउँछन्।

तर, सरकार अवैध क्रसर उद्योगबारे के गर्ने भन्ने कुनै निर्णयमा छैन। नेपालमा कति क्रसर उद्योग छन् भन्ने तथ्यांक उद्योग मन्त्रालयसँगै छैन। यसमा सरकार नै मुक दर्शक हुँदा समस्या भएको सरोकारवालाहरू बताउँछन्। अनौपचारिक तथ्यांकअनुसार देशभर करिब १५ सय क्रसर उद्योग छन्।

उद्योग मन्त्रालयका अनुसार क्रसर उद्योग सम्बन्धित जिल्लाको घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता गर्ने प्रावधान छ। तर, धेरै उद्योग बिनादर्ता चलिरहेका र दर्ता भएकाहरूको पनि नवीकरण नरहेको बताइन्छ।

२०७० सालमा नयाँ मापदण्ड लागू भएपछि त्यसयता उद्योग दर्ता पनि नहुने र दर्ता भएकाको पनि नवीकरण नहुने समस्या देखापरेको छ। मापदण्डअनुसार क्रसर उद्योग राजमार्गबाट कम्तीमा ५०० मिटर टाढा हुनपर्छ। खोला वा नदी किनारबाट ५ मिटर, शिक्षण संस्था, स्वास्थ्य संस्था, धार्मिक, सांस्कृतिक, पुरातात्त्विक महत्त्वका स्थान तथा सुरक्षा निकायबाट २ किलोमिटर टाढा मात्र क्रसर उद्योग राख्न पाइन्छ।

पक्की पुलबाट ५०० मिटर, अन्तर्राष्ट्रिय सीमाबाट २ किलोमिटर, वन तथा निकुञ्ज वा आरक्षबाट २ किलोमिटर, घना बस्तीबाट २ किलोमिटर, हाइ टेन्सन लाइनबाट २०० मिटर, ऐतिहासिक ताल, तलैया, जलाशय र पोखरीबाट ५०० मिटर तथा चुरे पहाडको फेदीबाट १५ सय मिटर टाढा मात्र क्रसर उद्योग संचालन गर्न पाइन्छ।

सरकारी मापदण्ड लागू भए अधिकांश क्रसर बन्द हुन्छन्। यस कारण राजनीतिक प्रभावका आधारमा उद्योगीहरू क्रसर उद्योग नयाँ खोले दर्ता प्रक्रियामा जाँदैनन् र पुराना पनि नवीकरण गर्दैनन्। सरकार पनि नियमन गर्नेतिर अग्रसर भएको देखिँदैन।

**युनिभर्सल...**

शाखाले आह्वान गरेको नयाँ बोलपत्रमा युनिभर्सलबाहेक अन्य कम्पनीको प्रस्ताव स्वीकृत भएमा हालको भाडा घट्ने अपेक्षा गरिएको छ।

**अन्तर्राष्ट्रिय...**

दर उपलब्ध गराउन निर्देशन दिएका थिए।

यसअघि हवाई सेवा कम्पनीहरूले नियामक निकायसँगको छलफलमा हवाई भाडा नियन्त्रणका लागि ५ बुँदे सहमति गरिएको भए पनि त्यसको कार्यान्वयन नगरेको भन्दै पर्यटनमन्त्रीले एयरलाइन्सहरूले नागरिकको मर्का बुझिदिन अनुरोध गरेका थिए।

निगमका अनुसार संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत यही १ नोभेम्बदेखि २२ नोभेम्बरसम्म डाक्टरको रिपोर्ट र नेपाल क्यान्सर रिलिफ सोसाइटीको सिफारिसमा दिल्लीको दुईतर्फी उडानमा ३७ जना क्यान्सर रोगीलाई सत प्रतिशत र ती बिरामीका ३३ जना कुरुवालाई ५० प्रतिशत छुटमा टिकट उपलब्ध गराइएको छ।

**प्रदर्शनै...**

तथा खोला मापदण्ड पीडित संघर्ष समिति तथा भूमि अधिकार संरक्षण संघर्ष समिति प्रदर्शनमा उत्रिएको हो।

३ पुस २०८० मा सर्वोच्च अदालतले नदी क्षेत्र संरक्षणका लागि बाग्मती, विष्णुमतीलगायत उपत्यकाका ठूला नदी तथा खोलाहरूमा ४० मिटर जग्गा छाडेर मात्र संरचना निर्माणको अनुमति दिन आदेश दिएको थियो। २०६५ सालमा सरकारले बाग्मती, विष्णुमतीसहित ठूला नदीहरूमा २० मिटर क्षेत्र छाड्नुपर्ने निर्णय गरेको थियो। पहिले २० मिटर छाड्नुपर्ने भनिएकामा खोलामा थप २० मिटर छाड्न सर्वोच्चले दिएको आदेश कार्यान्वयनका लागि काठमाडौं महानगरपालिकाले सूचना जारी गरेको थियो। महानगरको यो निर्णय कार्यान्वयन गर्दा उठिबास हुने भन्दै प्रदर्शन भइरहेको छ।

मकवानपुरको सिस्नेरीमा गएको पहिरोमा मृत्यु भएका खेलाडीका आफन्त पनि अखिल नेपाल फुटबल फुटबल संघ (एन्फा)विरुद्ध प्रदर्शनमा छ।

गत १२ असोजमा मकवानपुरको इन्द्रसरोवर गाउँपालिकामा गएको पहिरोमा वात्सल्यदेवी स्कुलमा रहेको एन्फा सिस्नेरी एकेडेमीमा रहेका ६ किशोर खेलाडीको मृत्यु भएको थियो।

आज ३ स्थानमा प्रदर्शन

सरकारको नेतृत्व गरिरहेको एमालेसहित विभिन्न पक्षले शुक्रबार प्रदर्शनमा उत्रिँदै छ। शुक्रवार ३ पक्षले फरकफरक ठाउँमा एकै समयमा प्रदर्शनको तयारी गरेका हुन्।

एमालेको प्रदर्शन दरबारमार्गमा हुँदै छ। बिहान ११ बजे एमालेको प्रदर्शन विभिन्न ठाउँबाट सुरु भएर दरबारमार्ग पुग्ने छ।

सहकारी रकम हिनामिनाबाट पीडित भएकाहरू सोही समयमा माइतीघरमा प्रदर्शन जारी राख्ने छन्। यस्तै, दुर्गा प्रसाईंका समर्थकहरूले पनि शुक्रबार काठमाडौंको कोटेश्वरमा प्रदर्शन गर्ने तयारी गरेका छन्।

**पाथीभरा याङ्वरक गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**थेचम्बु, ताप्लेजुङ**
**कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृति गर्ने आशयको सूचना**

**(प्रकाशित मितिः २०८१/०८/०७ गते)**

यस पाथीभरा याङ्वरक गाउँपालिका मिति २०८१/०६/११ गते विद्युतीय बोलपत्र माध्यमद्वारा प्रकाशित तपशिल बमोजिमको ठेक्का नं. को सूचना अनुसार रीतपूर्वक दाखिला हुन आएका बोलपत्रहरु मध्ये सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपशिलः**

| सि. नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम | कबोल अंक रु (मु.अ.क सहित) |
|---|---|---|---|---|
| १ | NCB/WORS/ PYRM/TKMN 02/081/82 | वडा नं.-०६ मा थुम्बेदिन खेलमैदान निर्माण | श्री याङगतारू निर्माण सेवा प्रा.लि.थर्पु पाँचथर | ६१५०९३०।८५ |
| २ | NCB/WORKS/PYRM/PDKN-01/081/82 | वडा नं.-०५ मा पोखरी धारा खानेपानि निर्माण | श्री ताप्लेजुङ निर्माण सेवा प्रा.लि. ताप्लेजुङ | ३४९६०८९।२६ |

**प्रमुख प्रशासकीय अधिकृत**

# जनताले महसुस गर्नेगरी काम गर्न प्रधानमन्त्रीको निर्देशन

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ मंसिर



प्रधानमन्त्री केपी शर्मा ओलीले बैठक, छलफल र प्रशासनिक अल्झनमा मात्रै नलागेर जनताले महसुस गर्ने गरी काम गर्न निर्देशन दिएका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र मातहतका निकायको चालू आर्थिक वर्षको प्रथम चौमासिकको प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकमा सम्बन्धित निकायको प्रस्तुतीकरण सुनेपछि प्रधानमन्त्री ओलीले काम गर्ने व्यवहार र मानसिकतामा परिवर्तन गर्न निर्देश गरेका हुन् ।

प्रधानमन्त्री ओलीले देश विकास गर्ने प्रतिबद्धताका साथ लागेर स्वच्छ र पारदर्शीरुपमा काम गर्न आग्रह गर्दै सुशासन कायम, राजस्व चुहावट नियन्त्रण, गरिबी निवारण, मुलुकको छवि अन्तर्राष्ट्रियस्तरमा अभिवृद्धि र साधन स्रोतको उपयोग बढाउने गरी काम गर्न स्पष्ट निर्देशन दिए ।

'भोलिदेखि नै परिवर्तन आउने गरी काम गर्नुस् । बैठकहरुको औचित्य सिद्ध गर्नुस् । अर्को बैठकमा आउँदा यो यो परिवर्तन भयो भन्ने लिएर आउनुस् । सुशासन र विकासमा कुनै कानुनले व्यवधान खडा गरेको छ भने सरकार छिटो बाटोबाट कानुनको संशोधन गर्न पनि तयार छ,' प्रधानमन्त्री ओलीले भने, 'हाम्रो सम्पूर्ण प्रयास उत्पादन वृद्धिमा हुनुपर्छ । हाम्रो स्रोत साधन जति छन्, तिनीहरुको वैज्ञानिक ढंगले उपयोग गर्नुपर्छ । सूचना र प्रविधिको प्रयोग गरी विकासको गतिलाई तीव्रता दिनुपर्छ ।'

बैठकमा प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णुप्रसाद रिमाल, आर्थिक मामिला सल्लाहकार डा युवराज खतिवडा, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा डा शिवराज अधिकारी, मुख्यसचिव एकनारायण अर्याल र सचिवहरु, मातहतका कार्यालयका प्रमुखहरुको उपस्थिति रहेको थियो ।

# राजनीतिक दलका नेता कार्यकर्ताद्वारा घरदैलो कार्यक्रम संचालन

**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, ६ मंसिर

स्थानीय तह उपनिर्वाचन २०८१ को लागि राजपुर नगरपालिका वडा नं.६ मा विभिन्न राजनीतिक दलका नेता कार्यकर्ताहरुले घरदैलो कार्यक्रम गरिरहेका छन् ।

नेपाली कांग्रेस पार्टीका केन्द्रीय महासचिव विश्व प्रकाश शर्मासहितको टोलीले बिहीबार राजपुर नगरपालिकाको वडा नं.६ का वडाध्यक्षका उम्मेदवार समसे आलमलाई जिताउनका लागि घरदैलोमा पुगी महासचिव शर्माले जनतासँग रुख चिन्हमा मतदान गर्न आग्रह गरेका थिए ।

सो घरदैलो पश्चात राजपुर नगरपालिकाको वडा नं ६ स्थित कोणसभामा परिणत भइ सो सभाका सम्बोधन गर्दै महासचिव शर्माले नेपाली कांग्रेस पुरानो पार्टी रहेको बताउँदै मधेशको उत्थानका लागि नेपाली कांग्रेस पार्टी नै उपयुक्त भएकोले वडाध्यक्षका उम्मेदवार आलमलाई जिताउन आग्रह गरे ।





सोही कार्यक्रममा राजपुर नगरपालिकाका मेयर डा. राजीक आलमले आफु नगरभरीको विकास कार्यमा लागि परेको बताए । नेपाली कांग्रेस पार्टीका वडाध्यक्ष उम्मेदवार आलमलाई जिताए अझ विकास गर्नमा टेवा पुग्ने बताए ।

यसैगरी नेकपा एमालेका वडाध्यक्ष उम्मेदवार मो. नासिम अख्तर, जनमत पार्टीका उम्मेदवार क्यामुदिन धुनिया लगायतका १२ जना उम्मेदवार अहिले घर दैलोमा व्यस्त रहेका छन् ।

# १५ प्रतिशत परिवार अझै शौचालयको पहुँचबाहिर



**महोत्तरी/मस-** महोत्तरीका १५ प्रतिशतभन्दा बढी घरपरिवार अझै शौचालय पहुँच बाहिर छन् ।

दुई दिनअघि गत मंगलबार विश्व शौचालय दिवस मनाइँदा सरसफाइको मुख्य पाटो मानिने शौचालय नभएका अझै महोत्तरीमा १५ दशमलव चार प्रतिशत घरपरिवार रहेको तथ्यांक छ । खासमा सामाजिक, सांस्कृतिक, शैक्षिक र आर्थिक अवसरको पहुँच बाहिरका सिमान्तकृत जाति समुदायका घर शौचालयविहीन छन् ।

महोत्तरीको यो अवस्था राष्ट्रिय जनगणना–२०७८ को तथ्याङ्क हो । मुलुक खुला दिसामुक्त राष्ट्र घोषणा भएको पाँच वर्ष नाघेको छ । विसं २०७६ असोज १३ गते नेपाल खुला दिसामुक्त राष्ट्र घोषणा भएको हो । त्यसयता विपन्न परिवारका घरमा शौचालय निर्माणका योजना नबन्दा महोत्तरीका १५ दशमलव चार प्रतिशत घरका जनता दिसापिसाब गर्न अझै खुला चउर, झाडी र सडक पेटी प्रयोग गर्न बाध्य छन् ।

भगाहा-४ को रामनगर बस्तीको मुसहरीटोलमा ३५ घर छन् । पराले झुप्राको बस्तीका यी घरको उपयोगमा एउटा पनि शौचालय छैन । 'चर्पी चाहिन्छ भन्ने त बुझेका छौँ, तर हाम्रो टोलमा कसैसँग त्यसका लागि जग्गा र बनाउने पैसा छैन', बस्तीका अगुवा जुगल सदा मुसहर भन्छन्,'घरघरै नभए टोलभरिकै लागि एकै ठाउँमा पानीको सुविधासहितको साझा चर्पी बनाइ दिने कोही उभिए गुन गाउँथ्यौँ ।' जिल्लामा मुसहर, बाँतरजाति समुदायको सबैभन्दा बढी बसोबासको स्थानीय तह भङ्गाहा नगरपालिका हो ।

यसै नगरक्षेत्रमा २७ दशमलव नौ प्रतिशत घर अझै शौचालयविहीन रहेका राष्ट्रिय जनगणना २०७८ को तथ्यांक अभिलेखमा उल्लेख छ । जिल्लाका सबैजसो विपन्न दलित बस्तीमा यही अवस्था देखिन्छ । जिल्लाका कतिपय दलित बस्तीमा शौचालय चाहिन्छ भन्ने चेतना खुले पनि ठाउँ र रकमको अभाव देखिन्छ । जिल्लामा मुसहर, बाँतर, डोम, मेस्तर र हलखोरसहितका अति विपन्न जाति समुदायका बस्तीका घर शौचालयविहीन छन् ।

कतिले शौचालय जरुरी भएको बुझे पनि अधिकांशले अझै यो अनिवार्य आवश्यकता भन्ने बुझिसकेका नहुँदा यो अवस्था अन्त्य हुन नसकेको सामाजिक सङ्घ संस्थाका अगुवा बताउँछन् । जिल्लामा कूल एक लाख ३७ हजार ९०२ घरपरिवारमध्ये १५ दशमलव चार प्रतिशत घर अझै शौचालयविहीन रहेका छन् । योभित्र सबैभन्दा बढी भङ्गाहा नगरक्षेत्रमा २७ दशमलव नौ र सबैभन्दा कम बर्दिबास नगरक्षेत्रमा चार प्रतिशत घर शौचालयविहीन रहेका सो तथ्याङ्क प्रतिवेदनमा उल्लेख छ । विसं २०६८ र २०७८ को बीचको १० वर्ष अवधिबीच सरसफाइ सचेतना र शौचालय निर्माणको काम अभियानमा सञ्चालन गरिँदा राम्रो सकारात्मक परिणाम मिले पनि २०७८ यता यो अभियान पूरै सुस्त हुँदा अवस्था ज्यूँका त्यूँ रहेको सामाजिक क्षेत्रका अगुवा प्रयास महोत्तरीका अध्यक्ष प्रवीण कर्ण बताउँछन् । जिल्लाका १५ स्थानीय तहका सबै बस्तीमा केही न केही शौचालयविहीन घर छन् । घरमात्र नभएर जिल्लाका खुबै चल्तीका बजारक्षेत्र, चोक, हाटजस्ता सार्वजनिक ठाउँमा पनि सार्वजनिक शौचालयको अभाव छ । यो अवस्था अन्त्यका लागि सम्बन्धित स्थानीय तहहरुले स्पष्ट खाकासहित योजनाबद्ध काम अघि बढाउन आवश्यक रहेको जिल्ला समन्वय समितिका प्रमुख सुमनकुमारलाल कर्ण बताउँछन् ।

शौचालय सुविधाको उपयोगको दृष्टिले मधेश प्रदेशलाई हेरिँदा यहाँ अझै १२ प्रतिशत घरपरिवार यो सुविधाबाट वञ्चित छन् । मधेशका कूल ११ लाख ५६ हजार तीन सय ८३ घरपरिवारमध्ये ८८ प्रतिशतले कुनै न कुनै प्रकारका शौचालयको प्रयोग गरेका राष्ट्रिय जनगणना-२०७८ को प्रतिवेदनमा उल्लेख छ । मधेशका अब १२ प्रतिशत घरपरिवारमा शौचालय सुविधा पुग्न बाँकी छ ।

विसं २०६८ को राष्ट्रिय जनगणनामा हालको मधेशका आठ जिल्लामा ७२ दशमलव सात प्रतिशत शौचालयविहीन घर रहेका तथ्यांक थियो । विसं २०६८ र २०७८ को बीच अवधिमा सरसफाइ सचेतनाका जागरणका सघन अभियानले निकै राम्रो परिणाम दिएको २०७८ को राष्ट्रिय जनगणनाको परिणामले देखाएको छ । त्यो दशक (२०६८-२०७८) को प्रयत्न झैँ एक पटक सबै सम्बद्धपक्षले यो अवस्था अन्त्यका लागि सङ्कल्पसाथ लागे चाँडै नै सकारात्मक परिणाम प्राप्त हुने सामाजिक तथा स्वास्थ्य अभियानकर्मी बताउँछन् । स्थानीय तह र सामाजिक सङ्घ संस्थाको सामूहिक प्रयत्नले यस्तो परिणाम प्राप्त गर्नसकिने सरसफाइ सचेतना अभियानमा लामो अनुभव सँगाल्नुभएका रतौली युवा क्लबका संस्थापक अध्यक्ष वैद्यनाथ चौधरी बताउँछन् ।

# कर्णालीमा आमसंचार विधेयकबारे छलफल

**कर्णाली/मस-** कर्णाली प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालयले 'आमसञ्चार विधेयकको मस्यौदा'माथि यहाँका पत्रकारसँग छलफल गरेको छ ।

मन्त्रालयले सुर्खेतको वीरेन्द्रनगरमा कर्णालीका पत्रकारको सहभागितामा 'आमसञ्चार विधेयकको मस्यौदामाथि छलफल तथा अन्तरक्रिया कार्यक्रम' गरेको हो । छलफलका क्रममा पत्रकारहरुले आमसञ्चार सम्बन्धी कानून निर्माण गर्दा मूलतः सूचना तथा प्रसारण, प्रेस काउन्सिल, न्यूनतम पारिश्रमिक निर्धारण समित, विज्ञापन बोर्डलगायतका संरचना अट्ने गरी ल्याउनुपर्ने सुझाव दिएका छन् ।

त्यस्तै, ऐनअन्तर्गत सिङ्गो प्रेस तथा सञ्चार क्षेत्रको नियमन, अनुगमन, सुपरीवेक्षण तथा व्यवस्थापन हुने संरचना निर्माण गर्नुपर्ने, दुर्गम तथा साना लगानीका मिडियाको प्रवर्द्धन, विधागत पत्रकारिताको विकास र पुरस्कार वितरण, सञ्चारगृह तथा सञ्चारकर्मीको उपकरणको जोखिम बीमा, पत्रकार स्वास्थ्य बीमा, आमसञ्चार तथा पत्रकारिता छात्रवृति, पत्रकार कल्याण कोष, लोक कल्याणकारी विज्ञापन, एआईसँग सम्बन्धित क्षमता अभिवृद्धि तालिमलगायत विषय विधेयकमा समेटिनुपर्ने पत्रकारहरुले सुझाव दिएका छन् ।




छलफलका क्रममा मन्त्रालयका निमित्त सचिव उत्तम गौतमले सञ्चारकर्मीबाट प्राप्त सुझावलाई विधेयकमा समेटिने र चालु आर्थिक वर्षको बजेटबाट यहाँका पत्रकारहरुको क्षमता अभिवृद्धिका लागि एआई (कृत्रिम बौद्धिकता)सँग आधारित मल्टिमिडियासम्बन्धी तालिम प्रदान गरिने बताए । छलफलमा कर्णालीका मुख्यमन्त्री यामलाल कँडेलका प्रमुख स्वकीय सूर्यमणि गौतम, नेपाल पत्रकार महासङ्घ कर्णाली प्रदेश समितिका अध्यक्ष देवीराम देवकोटा, प्रदेशस्थित नेपाल प्रेस युनियन, प्रेस चौतारी नेपाल, प्रेस सेन्टरका प्रमुख एवं प्रतिनिधिलगायतको सहभागिता रहेको थियो ।

# आपराधिक क्रियाकलापमा संलग्न ८ जना पक्राउ




**काठमाडौं/मस-** विभिन्न आपराधिक क्रियाकलापमा संलग्न आठ जना काठमाडौंबाट पक्राउ परेका छन् । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले डरत्रास देखाएर रकम असुल गर्ने, अनलाइन र वैदेशिक रोजगारीमा पठाइदिने भन्दै ठगी गर्ने तथा बैंकिङ कसुरमा फरार प्रतिवादीलाई पक्राउ गरेको हो ।

प्रहरीले 'ह्वाट्स एप'मार्फत डरत्रास देखाइ रकम असुली गरेको अभियोगमा भोजपुर नगरपालिका-११ घर भई हाल ललितपुर महालक्ष्मी नगरपालिका सानो गाउँ बस्ने ३२ वर्षीय डा.आशिष दाहाललाई पक्राउ गरेको छ । काठमाडौं उपत्यकाभित्र विभिन्न व्यक्तिलाई 'अन्डर कभर एजेन्ट' भनी ज्यान मार्ने धम्की दिई रु ५० हजारदेखि दुई लाखसम्म रकम माग गरेको आरोपमा प्रहरीले निजलाई शंखमुलबाट पक्राउ गरेको केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीले जानकारी दिए ।

अनलाइनमार्फत ठगी गर्ने कार्यमा संलग्न रहेको अभियोगमा काठमाडौं महानगरपालिका-३२ ठेगाना भएका ३७ वर्षीय राजेश श्रेष्ठ हाँडीगाउँबाट पक्राउ परेका छन् । निजले सामाजिक सञ्जालमा सम्पर्क गरी विभिन्न बहानामा सात लाख ७५ हजार विभिन्न व्यक्तिको नाममा रहेको बैंक खातामा पठाउन लगाई ठगी गरेको खुल्न आएको प्रहरीले जनाएको छ ।

यसैगरी आकर्षक तलबको प्रलोभनमा पारी विभिन्न मुलुकमा वैदेशिक रोजगारमा पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा चितवन कालिका नगरपालिका-७ ठेगाना भएकी २१ वर्षीया रचना परियार र डोटी बडीकेदार गाउँपालिका-२ घर भई काठमाडौं तारकेश्वर नगरपालिका-१० बस्ने २७ वर्षीय प्रकाशबहादुर रोक्का मगर पक्राउ परेका छन् ।

रचनाले हङ्गेरी पठाइदिन्छु भन्दै दुई जनाबाट रु १८ लाख र प्रकाशले माल्टा पठाइदिन्छु भन्दै एकजनाबाट रु एक लाख लिई सम्पर्कबिहीन भएका थिए । रचनालाई काठमाडौं महानगरपालिका-१२ बाट र प्रकाशलाई टोखा नगरपालिका-९ बाट पक्राउ गरेको हो । उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको प्रहरी नायब महानिरीक्षक कार्कीले बताए । नक्कली फेसबुक आइडी बनाएर वैदेशिक रोजगारीमा पठाइदिन्छु भनी ठगीमा संलग्न रहेको अभियोगमा पर्साको वीरगन्ज महानगरपालिका-३१ घर भइ काठमाडौं तारकेश्वर नगरपालिका-७ बस्ने २१ वर्षीय सुरज पौडेललाई पनि प्रहरीले पक्राउ गरेको छ ।

निजले फेसबुकबाट दुबईमा वैदेशिक रोजगारका लागि सुवर्ण अवसर छ, भिजिट भिसामा दुबईमा आएर काम गर्न मिल्छ भनी विज्ञापन राखेर पीडितसँग दुई लाख १५ हजार रुपैयाँ ठगेको प्रहरीले जनाएको छ ।

साथै बैंकिङ कसुर मुद्दाका फरार तीनजना प्रतिवादी पक्राउ परेका छन् । प्रहरीले बेनी नगरपालिका-९ की ३९ वर्षीया विष्णुमाया केसी, काठमाडौं महानगरपालिका-१५ का ५६ वर्षीय बालकृष्ण महर्जन र भक्तपुर नगरपालिका-७ का ५२ वर्षीय राजेन्द्र तुईतुईलाई काठमाडौंको विभिन्न स्थानबाट पक्राउ गरेको प्रहरी नायब महानिरीक्षक कार्कीले जानकारी दिए ।

केसीले पीडितलाई खातामा पर्याप्त रकम मौज्दात नभएको रु एक करोड ५० लाखको चेक दिई फरार भएकी प्रहरीले जनाएको छ । महर्जन बैंकिङ कसुर मुद्दामा उच्च अदालत पाटनले अघिल्लो जेठ २९ गते पाँच दिन कैद, बिगो रु १६ लाख र रु ६४ हजार क्षतिपूर्तिबापत पीडित राहतकोषमा जम्मा गराउने ठहर गरेकामा उनी फरार भएका थिए ।

जिल्ला अदालत काठमाडौंबाट बैंकिङ कसुर मुद्दामा पक्राउपुर्जी जारी भई फरार रहेका तुईतुईलाई प्रहरीले भक्तपुर नगरपालिका-७ बाट पक्राउ गरेको हो ।

**VACANCY ANNOUNCEMENT**

A leading foreign recruitment agency is seeking the following position urgently.

Manager (मेनजर)- 1 (Male)
PRO (पि.आर.ओ.) - 3 Male/ Female ( For Saudi Arabia)
Requirements - More than 3/4 years of Experience in Manpower Field.

SALARY - Negotiable

NASSER INTERNATIONAL PLACEMENT SERVICES PVT. LTD.
Gov. Lic No. 190/057/058
Kupondole-10, Kandev Temple, Lalitpur
Mob: 9800730660, Email: nasserplacement2000@gmail.com

**युएईमा रोजगार**

कम्पनी: BIN HINDI SECURITY SERVICES — शहर: ABU DHABI
पूर्व स्वीकृत मिति: २०८०/०८/२५ — चलानी नं.: ६०२११३७७ — L.T. No.: 296291 — पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Guard Male | 44 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,०२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Guard | 50 | 12 | | 2000 | ७३,३८० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर १४ गते (29 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

NAUKRI NEPAL Recruitment Service Pvt. Ltd.
Birendra Aysworya Marga, Mitranagar, Gangabu, Kathmandu
Ph.: 4962686 |4985786 | 4985784 |9801059994, 9801059992, 9801059997, 9801056689
Chitwan Contact No: 056-565123690, 056-56512368, 9769328733, 9763597744,
Itahari Contact No: 9816368105 | 9810591900, Pokhara Contact No : 9856035442 | 9804162771
Email: cv.naukrinepal@gmail.com | Web: www.naukrinepal.com | like us on facebook.com/naukri.nepal
इजाजत पत्र नं. ६५७/०६३/०६४

**यूएई र कतारमा रोजगार**

कम्पनी: CLEANCO CLEANING SERVICES CO — शहर: UAE — पुन: विज्ञापन
पूर्व स्वीकृत मिति: २०८१/०३/०२ — चलानी नं.: ६०२२१३७५ — L.T. No.: 306681

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 400 | 100 | स. काममा दक्ष | 800 | २९,३५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: UNIVERSAL SERVICES AND MAINTENANCE USM QATAR — शहर: QATAR, Doha
पूर्व स्वीकृत मिति: २०८०/०८/२४ — चलानी नं.: ६०२११२३५ — L.T. No.: 296182 — पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Cleaner Worker | 120 | 125 | स. काममा दक्ष | 1000 | ३६,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: M.K. TRANSPORT & CONSTRUCTION CO. WLL — शहर: QATAR, DOHA
पूर्व स्वीकृत मिति: २०८०/०३/०४ — चलानी नं.: ६०२०३४३६ — L.T. No.: 288122 — पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 15 | 0 | सम्बन्धित काममा दक्ष | 1900 | ७०,२२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Heavy Vechicle Driver | 11 | 0 | | 1900 | ७०,२२४ | | | | | | | |
| 3. | Labour | 14 | 0 | | 1000 | ३६,९६० | | | | | | | |
| 4. | Patch Worker | 10 | 0 | | 1100 | ४०,६५६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ मंसिर १४ गते (29 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Regd. No.: 301546/079/080 — Govt. Lic. No: 1578/079/80
RP Recruitment Partners Pvt. Ltd.
साविकको नाम: Qatar International Manpower Pvt.ltd.
P.O. Box 7311, Tokha-05, Basundhara, Kathmandu
Ph. No.: 01-5914971, 9851349039
E-mail: info@rpnepal.com

## सम्पादकीय

# सडक संघर्षको अन्तर्य

राजधानी उपत्यकामा लगातार चिसो बढिरहेको छ । अहिले बिहान–बेलुका १० डिग्री सेल्सियससम्म तापक्रम झरेको छ । यो क्रम शून्य नजिकसम्म पुग्न सक्छ किनकि राजधानी उपत्यकाको तापक्रम शून्यमै झरेको रेकर्ड छ । सन् १९७८ मा राजधानी काठमाडौंको तापक्रम शून्यमा झरेको थियो भने गत वर्ष २२ जनवरीको तापक्रम ३ दशमलव २ डिग्री सेल्सियस थियो । त्यसैले बढ्दो चिसोबाट बच्ने विकल्पहरूबारे सोच्न आवश्यक छ । चिसोबाट आइपर्ने समस्या समाधानमा केन्द्रित हुन जरूरी छ । तर, राजधानीका सडकहरू राजनीतिक घटनाक्रमले तातिँदै गएका छन् । ७ मंसिरको एकै दिन अनेक नामका प्रदर्शन हुँदै छन् । सरकारकै नेतृत्व गरिरहेको नेकपा एमालेले दरबारमार्गमा प्रदर्शन गर्दै छ । माइतीघर मण्डलामा सहकारीपीडितहरूको प्रदर्शन चलिरहेकै छ । कोटेश्वरमा दुर्गा प्रसाईंका समर्थकहरूले प्रदर्शन राखेका छन् ।

एमाले र प्रसाईं समर्थकहरूको प्रदर्शन एकअर्काविरूद्धमा छन् । प्रसाईंका समर्थकहरू प्रधानमन्त्री केपी शर्मा ओली र उनको पार्टी एमालेविरूद्ध आक्रामक देखिँदै आएका छन् । यसको प्रतिवादमा एमालेले जनसभा राखेको छ । सहकारीपीडितहरूले न्याय मागेर प्रदर्शन गरिरहेका छन् । विपक्षी दलहरू प्रदर्शनमा हुने नै भए । गत १० कात्तिकमा प्रमुख प्रतिपक्षी नेकपा माओवादी केन्द्रले राजधानीमा शक्ति प्रदर्शन गरेको थियो । यो महिनाको अन्त्यमा देशभरका पालिकामा प्रदर्शन गर्ने माओवादीको घोषित कार्यक्रम छ । सहकारी बचत रकम अपचलनको आरोपमा रवि लामिछाने पक्राउ परेपछि रास्वपाका नेता, कार्यकर्ता सडक प्रदर्शनमै छन् । यसरी राजधानीका सडकले अनेकथरि प्रदर्शनको ताप थेग्नुपरिरहेको छ ।

बढ्दो चिसो सहँदै भइरहेको तातो प्रदर्शनको दीर्घकालीन असर तत् समयमा देखिँदै जाला । प्रदर्शनको सही उपयोग भए त्यसले लोकतन्त्रलाई बलियो बनाउला अनि दुरूपयोग भए अलोकतान्त्रिक अभ्यासलाई निम्तो होला । तर, अल्पकालीन नतिजा आगामी उपचुनावमै देखिने छ । दलहरूको सडक संघर्षको अन्तर्य पनि उपचुनावमा केन्द्रित रहेको सहजै अनुमान लगाउन सकिन्छ । पूर्वप्रधानमन्त्री एवं माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले सार्वजनिक रूपमै उपचुनावको नतिजा शक्ति संघर्षको मानक बन्ने स्वीकारेका छन् । अरू दलहरूको हकमा पनि त्यही लागू हुने हो । सँगै सडक संघर्षको होड मतदातालाई प्रभावित बनाउने उद्देश्यमा निहित रहेको पनि सत्य हो । तर, मतदाता कुनै प्रदर्शनबाट नभएर दलहरू र तिनका नेतृत्वको दीर्घकालीन निर्णयका आधारमा लिने विश्वास गर्न सकिन्छ । मतदाताले पनि कुनै भुलभुलैयामा नपरी वस्तुपरक समीक्षा र निर्णय लिन जरूरी छ ।

# समाजको विकासक्रम र द्वन्द्व

अग्रलेख



● लेखनाथ ढकाल

स्रोत, साधन र शक्तिमा हैकम कायम गर्न समाजका विभिन्न तप्काका मानिसहरूका बीचमा राजनीतिक प्रतिस्पर्धा चलेको छ । प्रतिस्पर्धाको तह द्वन्द्वको रूपमा र लडाइँका रूपमा पुग्ने गरेको छ । विचार, सिद्धान्त र राम्रा कुरा गरे पनि मानिसको प्रायः सबै ऊर्जा, पैसा र समय आपसको अस्वस्थ प्रतिस्पर्धाका लागि नै खपत हुने गरेको छ ।

मानिस सामाजिक प्राणी हो, परिवारमा बस्छ र सबै गतिविधि सम्पन्न गर्छ । परिवार निश्चित प्राकृतिक र पारिवारिक संस्कारले परिवार संगठित रहेको हुन्छ । परिवार प्राथमिक संगठन हो, असल पारिवारिक संस्कार भएको संगठन सफल परिवार हुन्छ । असंख्य परिवार मिलेर समाज र राष्ट्र बनेको हुन्छ । समाज र राष्ट्र निश्चित कानुनी संरचना तथा भावनात्मक विश्वासले संगठित रहेको हुन्छ ।




समाज र राष्ट्रलाई नियन्त्रण, सुव्यवस्थापन र शासन प्रणाली संचालन गर्ने शक्ति केन्द्रका रूपमा राजनीतिक सत्ता रहेको हुन्छ । विगतको समयमा राजनीतिक सत्ता धार्मिक विश्वास र मान्यताका आधारमा स्थापित रहेर संचालन हुने गरेको इतिहास छ । आधुनिक राज्यसत्ता संविधान, ऐन, नियमका आधारमा संचालन हुन्छ ।

परिवार, समाज र राष्ट्रमा मानिसहरू विभिन्न धार्मिक विश्वासका आधारमा पनि रहेका छन् । त्यसमाथि संविधान, ऐन, नियम राज्यसत्ता संचालनका लागि आधार भूत तत्त्व रहेका छन् ।

सभ्यताको क्रममा जब मानिसले फिरन्ते जंगली अवस्थाबाट एउटै स्थानमा परिवार बनेर बस्ने अवस्थामा आयो, तब नै मानिसलाई जमिन, जनावर, घर, उब्जाउ जमिन, खानेकुरा आदि आवश्यकताका वस्तुमा आफ्नो हैकम बनाउने आवश्यकताले जसले बढी जोहो गऱ्यो, त्यही धनी हुने प्रथाको विकास गऱ्यो । आफ्ना सम्पत्तिको रक्षा गर्न सुरक्षाको प्रबन्ध गर्नुपर्ने आवश्यकता आयो ।

यही क्रमले राज्यसत्ताको विकास भयो । मानिसको समाज बिस्तारै सम्पत्तिका हिसाबले हुने र नहुने बीचमा विभाजन हुन पुग्यो । एकापसको सहकार्यमा सामाजिक संरचना विकास हुँदै गए पनि कृषि युगमा आइपुग्दा पुँजीको आधारमा वर्गीय समाजको विकास भयो । अहिलेको पुँजीवादी औद्योगिक युगमा सोही सिलसिलाअनुसार पुँजीपति र श्रमिक वर्ग बनेको छ ।

आधुनिक कानुनी राज्यको युगमा पनि राज्यसत्ताको सहायताले एउटा वर्गले अर्को वर्गलाई शासन गर्ने क्रम चलेको छ । शासन सत्ता कुन वर्गको स्वार्थ पूरा गर्ने भन्ने लडाइँ आजको राजनीति बनेको छ । नवउदारवाद र समाजवाद आजको राजनीतिका मूल दुई धार छन् । नेपालको सामाजिक विकासको अवस्था भने झण्डै सामन्तवादी अवस्था त्यसमा नवउदारवादको विकृत चरित्रले घर गरिरहेको अवस्था छ । भनाइमा प्रायः सबै समाजवाद भन्ने गर्छन् तर चरित्रले सबै उस्तै देखिन्छ ।

मानव विकासक्रम अनेक खालका शृंखलाहरू पार गर्दै आएको छ । हरेक एउटा अवस्था अघिल्लो अवस्थाको आधार हुने गर्छ । ज्ञानको क्षमता विकास भएपछि विश्व ब्रह्माण्ड र स्वयं आफ्नो उत्पत्ति तथा अस्तित्वको नालीबेली बोध गर्ने हैसियतमा मानिस पुग्यो । जीवनको उत्पत्ति र संचालनका कतिपय थाहा पाउन नसकिएका पक्षहरूमा विविध अड्कलहरू गरियो ।

ज्ञानको विकासक्रम अहिलेको जस्तो विकसित नभएका अवस्थामा, मानिस कबिला अवस्थामा नै रहेको बेला मरेको कुनै आफन्त सपनामा देखिँदा आत्मा र पुनर्जन्मको धारणा जन्म भयो होला । एक जना मानवशास्त्री लेखकले एउटा घटना बताएका छन्– परिवार, निजी श्रीमतीसमेत नहुने कबिला अवस्थाको विकासक्रमको अवस्थामा छोराले राखेकी आइमाईसँग बाबुको संसर्ग हुँदा रिसले छोराले बाबुलाई हिर्काएर माऱ्यो । आफूलाई सुरक्षा दिएर पालन पोषण गरेका बाबुलाई मारेकोमा पछुताएको छोराले सपनामा बाबुलाई देखेपछि पितृको आत्मा वरिपरि नै रहेको विश्वासमा पितृ पूजा गर्ने प्रचलन चलेको तर्क गरेका छन् ।

यस्तै, प्रकृतिका अनेक घटनाहरूका बारेमा मानिसले बनाएका धारणाहरूले नै विभिन्न धार्मिक विश्वास झाँगिन थालेका हुन् । मानिसको समाजलाई कुनै दैवी शक्तिको योजना र व्यवस्थापनमा चल्ने विश्वास स्थापित गरियो । राज्य र राज्यसत्ताको शक्ति यसकै आधारमा स्थापित भएको पाइन्छ ।

*आधुनिक कानुनी राज्यको युगमा पनि राज्यसत्ताको सहायताले एउटा वर्गले अर्को वर्गलाई शासन गर्ने क्रम चलेको छ । शासन सत्ता कुन वर्गको स्वार्थ पूरा गर्ने भन्ने लडाइँ आजको राजनीति बनेको छ*

सत्तामा आसीन शासक दैवी शक्ति प्राप्त वा दैवी उत्तराधिकारी मानेर शक्तिशाली शासन केन्द्रको स्थापना भएको हो । अहिलेको अवस्थामा पनि यही धारणाको निरन्तरता निकै हदसम्म कायम छ । मानिसको ज्ञान र चेतना विकास हुँदै आउँदा कतिपय कपोकल्पित कुरा र भ्रमका आधारमा गरिने विश्वास हट्दै गयो । मान्छेको ज्ञानको विकासले प्रकृतिलाई नै बोधगम्यताको सीमामा ल्याइसकेको अहिलेको समयमा पनि शासन सत्ता र सभ्यता रूढिवादी धारणाबाट बाहिर आउन लामो युग पार गर्नुपर्ने कुरा चाखलाग्दो विषय नै रहेको छ ।

आजको समय विज्ञान तथा प्रविधिको अत्यधिक विकास र उपयोगको युग हो । मानिसको चेतना, सोच, संस्कार र सबै गतिविधिहरू क्रमशः विश्वव्यापीकरण हुँदै छन् । सम्भवतः आउने समय विश्वका मानिस एउटै परिवारका सदस्यका रूपमा रहने वातावरण हुने छ । विश्वव्यापी साझा मानवीय संस्कृतिको विकास हुने क्रममा सभ्यताको विकास निर्देशित छ ।

अर्कातिर शक्ति गुट र सामरिक होडमा विश्व नै तहसनहसको भुमरीमा पुग्ने हो कि भन्ने त्रास बढ्दो छ । आर्थिक होडमा लागेका देशहरू सामरिक शक्तिमा प्रतिस्पर्धा गर्दा वातावरण विनाश र आर्थिक असन्तुलन डरलाग्दो हुने निश्चित छ । आधुनिक राज्यसत्ताका विविध मोडहरू रहेका छन् तर पनि सूचना प्रविधि र आधुनिक यातायातका साधनले अब कुनै देश एक्लो वा आफ्नै पाराले मात्र चल्न असम्भव हुँदै गएको छ । आधुनिक विश्वमा राजनीतिक, आर्थिक र सांस्कृतिक व्यवस्थापनमा पहिलेका मान्यताहरू क्रमशः बदलिँदै जानेक्रम अनिवार्य छ ।

धर्म र समाजको व्यवस्थापनसम्बन्धी मामलाहरूमा कतिपय देशका सरकारहरू असफल हुँदै गएका छन् । हाम्रो देशमा पनि धार्मिक स्वतन्त्रता, धर्मनिरपेक्षता आदि विषयहरू संवेदनशील रूपमा उठिरहेका छन् । यो विश्वव्यापी समस्याका रूपमा रहेको मान्न सकिने अवस्था छ ।

धर्म र राजनीतिका मामिलामा हाम्रो देशमा अन्योल छ । धर्मनिरपेक्ष संघीय गणतान्त्रिक शासन व्यवस्था रहेको देशमा हिजो राजाले गर्ने धार्मिक कार्यहरूमा नेताहरू राजाकै शैलीमा उपस्थित हुने गर्छन् । कुमारीको रथयात्रा, घोडेजात्रा, भोटो देखाउने जात्रा आदिमा सवारी हुनुले नेपालीको मनमा असजिलो महसुस हुने गर्छ । राज्यले सबै धर्म र धार्मिक कार्यक्रममा तत् धर्म सम्प्रदायका राष्ट्रिय स्तरका संयन्त्र रहने र सबैका आ-आफ्ना संस्कार स्वयं समुदायले नै मनाउने परम्परा विकास गरिदिनुपर्छ ।

समाज धर्म, संस्कृति र विविध धार्मिक विश्वासका आधारमा विभाजित रहेको अवस्थामा राज्यले कुनै एकलाई बढावा गर्ने कुराले अल्पसंख्यकहरूले विभेदमा पारिएको महसुस गरिरहन्छन् । यसलाई विभेदको रूपमा जबर्जस्त उठाइने गरिन्छ । कथित सभ्यता, धर्म र जातिका आधारमा पहिचानको खोजी गर्ने विषय संवेदनशील हुँदाहुँदै पनि भड्कावपूर्ण देखिन्छ । कतिपय सन्दर्भमा यस्ता विषय मनोवैज्ञानिक शोषणका माध्यम बनाइने गरेका छन् ।

उदाहरणका लागि, महिलालाई पनि अंश दिनुपर्ने कुराले लोकप्रियता पाउँछ तर कसैले छोरीलाई अनिवार्य रूपमा पढाउनुपर्ने कुरा उठाउँदैन । कथित दलित भनिने जातिलाई केही सहभागिताको कुरा गर्दा त्यसले बजार पाउँछ तर कुनै प्रकारको विभेद नहुनेगरी सामाजिक संरचना र सामाजिक क्रियाकलाप हुने व्यवस्था बनाउने कुरा कसैले गर्दैनन् ।

देख्दा लोकप्रिय जस्तो देखिने र भ्रमपूर्ण कुरालाई स्थापित गराएर राजनीतिक सत्तामा प्रतिक्रियावादी वर्गले वर्चस्व कायम गरिरहने प्रपंचले नै सामाजिक र राजनीतिक सत्ता बनाइएको छ । अहिलेको समयमा यो सत्ता टिकाउन पैसाको दुरुपयोग बढेको छ । यस्तै, प्रतिगामी सत्ताको भरिया बनेर क्रान्तिकारी कुरा गर्ने मानिस अहिलेको प्रगतिका बाधक बनेका छन् । वास्तविक रूपमा मानवीय समाज बनाउन चाहने, वास्तविक लोककल्याणकारी राज्यसत्ता स्थापना गर्नु र यसलाई असल सभ्यता भएको सामाजिक विकासका लागि काम गर्न असल प्रगतिशील नागरिकहरूले पुनर्जागरण अभियान चलाउन जरुरी छ । जागृत नागरिकको संगठन नै विकल्प बन्न सक्ने छ ।

जनतालाई वास्तविक सार्वभौम मान्ने लोककल्याणकारी राज्य व्यवस्थामा धर्म र धार्मिक विश्वास राज्यको कुनै कार्यक्रममा हाबी हुने अवस्था हुनु हुँदैन । त्यहाँको राज्यको शिक्षा, सामाजिक शिक्षा, मिडिया तथा विविध सामाजिक अभ्यासमा धार्मिक विषयलाई प्रमुखता दिन आवश्यक पर्दैन । मध्ययुगीन धार्मिक राज्य र धार्मिक संस्थाको शासनको धङ्धडीको निरन्तरता प्रतिक्रियावादी सत्ताका लागि आवश्यक छ । त्यसैले यो वर्ग परम्परा र सनातनी कुरा गरेर आफ्नो जनविरोधी विकासविरोधी अनुहारको निरन्तरता चाहन्छ । कतिपय चलिआएका कुराहरूलाई बचाएर जानुपर्छ तर भ्रामक अन्धविश्वासी र असत्य कुरालाई बचाएर जान आवश्यक पर्दैन ।

धार्मिक विश्वास, आस्था र अभ्यास व्यक्तिका निजी मामला हुन्, यो स्वतन्त्रता रहनुपर्ने छ तर आफ्नो विश्वास र अभ्यासले अरूलाई प्रभावित गर्न हुँदैन । विगत समयमा नागरिकलाई धर्मका आधारमा विभाजन हुने अवस्था अमानवीय सामाजिक परिवेश त थियो, यो कहालीलाग्दो अन्यायपूर्ण पनि थियो । अहिले पनि धर्मका नाममा रहेको विभाजन निरन्तर सहनु आवश्यक छैन ।

पृथ्वीको कतिपय भूभागमा धार्मिक शासन अहिले पनि कायम छ । जस्तै : मध्यपूर्वका देशहरू, जहाँ धार्मिक विषयमा नै युद्ध कायम छ, जहाँ मानिसहरूलाई धर्मको आधारमा विभाजित गरिन्छ, त्यो समाजले असमानता, भेदभाव, र हिंसा निम्त्याउँछ । धार्मिक आधारमा विभाजन हुने अवस्थाले समाजलाई प्रतिगामी बनाउँछ । आजको मानिसको चेतना जुन स्तरमा पुगेको छ, यसले उच्च ज्ञानको प्रकाशमा हुने सभ्य समाजको माग गर्छ ।

आर्थिक असमानता, शोषण र विभेदका कारणले नै सामाजिक द्वन्द्व सिर्जना हुने हो । यी कुरालाई हल गर्दै समाज विकासको दिशामा अघि बढ्नु आवश्यक छ । धार्मिक विश्वास र धार्मिक सम्प्रदायका बीचमा हुने द्वन्द्व मानव सभ्यताकै कलंक हो ।

*आर्थिक असमानता, शोषण र विभेदका कारणले नै सामाजिक द्वन्द्व सिर्जना हुने हो । यी कुरालाई हल गर्दै समाज विकासको दिशामा अघि बढ्नु आवश्यक छ*

---

श्रीमान् सम्पादकज्यू
मध्यान्ह राष्ट्रिय दैनिक, कमलपोखरी, काठमाडौं ।

**विषय : समाचार खण्डन सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा तपाईंको सम्पादनमा प्रकाशित हुने मध्यान्ह राष्ट्रिय दैनिकको वर्ष २२ अंक २७०, मिति २०८१ मंसिर ५ गते प्रकाशित पत्रिकाको पृष्ठ ३ मा छापिएको 'सप्तरीमा बढ्न थाले संगठित अपराधका घटना' शीर्षकको समाचारप्रति मेरो गम्भीर ध्यानाकर्षण भएको छ ।

उक्त समाचारमा अनावश्यक रूपमा तथ्य र प्रमाणबिना नै मेरो नाम मुछिएकामा मेरो घोर आपत्ति छ । समाचारमा आपराधिक घटनाको वेलिविस्तार लगाएर उक्त घटनामा संलग्न भएकाहरूलाई पत्रकार वैद्यनाथ यादवले छुटाएको भन्दै मेरो नाम कुन तथ्य र कुन प्रमाणका आधारमा उल्लेख गरियो ? म आफैं नेपाल पत्रकार महासंघको सप्तरी जिल्ला उपाध्यक्ष हुँ ।

त्यस्तो गम्भीर विषयमा मेरो नाम लेख्नुअघि मेरो प्रतिक्रियासमेत नलिनु, समाचारमा आधिकारिक स्रोत भनिएको जिल्ला प्रहरी कार्यालय सप्तरीको समेत मेरो सम्बन्धमा कुनै तथ्य नराखेर सिधै न्यायाधीश बनेर लेखिएको उक्त समाचारले एकातर्फ पित पत्रकारिता बढेको प्रष्टिन्छ भने अर्कातर्फ मेरो सामाजिक जीवनमा ठूलो आघात पुऱ्याउनुसँगै मानहानि गरेको छ । यसले सम्पूर्ण पत्रकारिता जगत्माथि नै हिलो छ्याप्ने काम सप्तरी संवाददाता पिन्टु यादवले गरेको मेरो ठम्याइ छ । यहाँसम्म कि यादव स्वयं भारतीय नागरिक भएको, नेपाली नागरिकता नरहेको जस्ता तथ्यले पनि संवाददाता यादव कुनै गिरोहबाट संचालित भई यस्तो घृणित काम गरेर सस्तो लोकप्रियता देखाउन खोजेको प्रष्टिन्छ ।

तसर्थ, भ्रामक, कपोलकल्पित, झुटा र कसैद्वारा संचालित भएर पत्रकार आचारसंहितको धज्जी उडाई समाचारका नाममा भ्रम फैलाउने त्यस्तो पत्रकारलाई कारबाही गरी जानकारी गराउनु हुन वा ममाथि लागेको आरोप पुष्टि गर्न श्री सम्पादकज्यूलाई आग्रह गर्दछु ।

वैद्यनाथ यादव
उपाध्यक्ष, नेपाल पत्रकार महासंघ
शाखा, सप्तरी

---

## सामाजिक सञ्जाल



- **जुगल भुर्तेल**

'राष्ट्रको अभिभावक'को ट्रेन्ड चलाउने प्रयास हास्यास्पद र असंवेदनशील छ । जनता भनेको सुतेको बाघ हो, त्यसको नाकमा सिन्का घुसाएर जिस्क्याउनु हुँदैन । अवकाशप्राप्त पूर्वराष्ट्रपतिले 'पार्टीगत महत्त्वाकांक्षा त्यागेर राष्ट्रको अभिभावक कसरी बन्ने' भन्ने किताब पढ्न जरुरी देखियो ।



- **रवि मिश्र**

बत्ती निभाएपछि उज्यालो हराउँदैन, ऊ केवल छायामा लुक्छ, हाम्रो आँखा र अनुभूतिबाट बाहिर जान्छ । ऊ समयको पर्दा पछाडि पर्खिरहन्छ । फेरि एक दिन फर्किएर हाम्रो संसारलाई उज्यालो बनाउन । उज्यालो हराउँदैन, बस्, पर्खिन्छ र फेरि फर्किन्छ ।



- **विश्वरसिंह मेवाहाङ**

अरू कुरा छाड्नुस्, राजा वीरेन्द्र र रानी ऐश्वर्यको नाममा देश विदेशमा खर्बौंको सम्पत्ति छ, राजतन्त्र फालेर गणतन्त्र ल्याइयो भने त्यो सम्पत्ति राष्ट्रियकरण गरेर १० वर्षमै देशलाई एसियाको सबैभन्दा धनी देश बनाउन सकिन्छ भन्ने नेताहरू मरेका छैनन् । त्यो सम्पत्ति पत्ता लाग्यो कि लाग्न बाँकी छ ?

---

# जाग्न नसकेको मनोविज्ञान



● ईश्वर बुढाथोकी

संसदका २ ठूला दल नेपाली कांग्रेस र नेकपा एमाले मिलेर सरकार बनाउँदै गर्दा अर्थतन्त्रले लय लिने आशा गरिएको थियो । हुन पनि आमरूपमा चिन्ताजनक रहेको अर्थतन्त्रको पुनरुत्थान हुने आशा जागेको थियो । यद्यपि, सरकारकै एउटा अंग 'नेपाल राष्ट्र बैंक'को रिपोर्टलाई आधार मान्दा अर्थतन्त्र लयमा जान सकेको पाइँदैन । अर्थतन्त्रमा थप समस्याहरू सिर्जना भइरहेका देखिन्छ ।

चालू आर्थिक वर्षको पहिलो त्रैमासिक वित्तीय विवरणलाई हेर्दा आन्तरिक अर्थतन्त्र चलायमान हुन नसकेको देखिन्छ । उत्पादनशील क्षेत्रमा कर्जा प्रवाह अपेक्षित बढ्न नसक्दा त्यसको असर आन्तरिक अर्थतन्त्र थप शिथिल हुन खोजेको आभास भएको छ । विशेषगरी विप्रेषण र विदेशी मुद्रा संचितिलाई हेरेर उत्साहित हुने हो भने बाँकी सबै सूचक उत्साहित बनाउने खालका छैनन् ।

तथ्यांकीय विषयलाई केलाउँदा उत्पादनशील क्षेत्रमा जाने कर्जा प्रवाह पटक्कै बढ्न सकेन । बैंकमा अधिक तरलताको अवस्था छ । ब्याज दर एकल अंकमा आउँदा पनि उद्योग व्यवसायदेखि सर्वसाधारणसम्म अपेक्षित रूपमा ऋण प्रवाह हुन सकेको अवस्था छैन । बैंकको तथ्यांकलाई हेर्दा, चालू आर्थिक वर्षमा १२ प्रतिशत कर्जा विस्तार गर्ने लक्ष्य लिए पनि सोअनुसार कर्जा विस्तार हुन सकेको पाइँदैन ।

ब्याज दर घटेर एकल अंकमा आइसक्दा पनि बजारमा माग र आपूर्ति दुवै बढ्न सकेको देखिँदैन । बैंकहरूमा तरलता पर्याप्त हुँदाहुँदै पनि कर्जा विस्तार सुस्त देखिएको छ भने तरलता व्यवस्थापन नै गर्न नसक्ने अवस्थामा बैंक तथा वित्तीय संस्था पुगेका छन् ।

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रमा प्रवाहित कर्जा जम्मा १ खर्ब २८ अर्ब ६५ करोड (२ दशमलव ५ प्रतिशत)ले बढेको छ । वार्षिक बिन्दुगत आधारमा २०८१ असोज मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ६ दशमलव ० प्रतिशतले बढेको छ ।

यो अवधिमा बैंकहरूमा कर्जा नजाने तर निक्षेप थुप्रिने अवस्थाले तरलता पर्याप्त रह्यो । राष्ट्र बैंकले तरलता व्यवस्थापनका लागि मात्र यो ३ महिनामा बैंक तथा वित्तीय संस्थाहरूबाट ७८ खर्ब रुपैयाँ प्रशोचन गरेको छ । अघिल्लो वर्ष बैंकहरूसँग तरलता पर्याप्त नहुँदा राष्ट्र बैंकले विभिन्न मौद्रिक उपकरणमार्फत ३ खर्ब ६३ अर्ब रुपैयाँ बैंक तथा वित्तीय संस्थाहरूमा प्रवाह गरेको थियो ।

किन सामान्य अपेक्षाअनुसार पनि कर्जा विस्तार हुन सकेन ? किन बैंकहरू कर्जा विस्तारमा अगाडि बढ्न खोजेनन् ? यसलाई हेर्दा नै हाम्रो अवस्था धेरै प्रस्ट हुन आउँछ । यसले हाम्रो मनोविज्ञान निकै सकसको अवस्थामा रहेको देखाउँछ । समीक्षा अवधिलाई हेर्दा विप्रेषण ११ दशमलव ५ प्रतिशतले बढेको छ भने वैदेशिक विनिमय संचिति पनि ९ दशमलव ४ प्रतिशतले बढेर १७ महिना ६ दिनको आयात देशले धान्न सक्ने अवस्थामा पुगेको छ । तर, हामीले हेक्का राख्नुपर्ने कुरा, यो बजारमा खपत बढ्न नसकी आयात घट्दाको नतिजा हो ।

चालू आ.व.को पहिलो त्रैमासमा आयात ४ दशमलव २ प्रतिशतले घटेको छ भने निर्यात पनि ६ दशमलव १ प्रतिशतले घटेको छ । खर्च नहुँदा देशको शोधनान्तर स्थिति पनि १ खर्ब ८४ अर्ब रुपैयाँले बचतमा देखिएको छ । अर्को सोचनीय विषय, आम्दानीभन्दा सरकारको खर्च निकै माथि छ । सरकारको अवस्था पूरै ऋण लिएर धान्नुपर्ने खालको छ । समीक्षा अवधिलाई तथ्यांकीय विश्लेषण गर्दा, सरकारको कुल खर्च ३ खर्ब २९ अर्ब २० करोड रुपैयाँको रहेको छ, जसमा चालू खर्च २ खर्ब २९ अर्ब ८५ करोड, पुँजीगत खर्च २९ अर्ब ३७ करोड र वित्तीय व्यवस्था खर्च ६९ अर्ब ९७ करोड रुपैयाँ छ ।

यो अवधिमा सरकारको कुल राजस्व परिचालन भने (प्रदेश सरकार तथा स्थानीय सरकारमा बाँडफाँट हुने रकमसमेत) जम्मा २ खर्ब ४८ अर्ब २६ करोड रुपैयाँ पुगेको छ, जसमा कर राजस्व २ खर्ब १९ अर्ब ६८ करोड र गैरकर राजस्व २८ अर्ब ५८ करोड रुपैयाँ छ ।

उल्लेखित केही तथ्यांकलाई मात्र आधारमा मान्दा, सरकारले एकातिर आफैँले काम गर्न सकेको छैन भने अर्कोतिर मनोविज्ञान बनाउन खोजेको पाइँदैन । हामीले शेयर बजारको सूचकलाई आधार मानेर समग्र अर्थतन्त्रलाई केलाउन सक्दैनौं । विद्यमान अवस्थालाई मसिनो गरी केलाउँदा, हाम्रो अर्थतन्त्र पूर्ण सकसमै छ, जसको निकास खोजिएको छैन, मात्र टालटुले पारामा अघि बढ्न खोजिएको छ । ऐतिहासिक रूपमा बनेको सरकारले समेत अर्थतन्त्रलाई लयमा ल्याउन नसक्नु वा नखोज्नु विडम्बना नै हो ।

---

## तपाईंको राशिफल

मेष : पदोन्नतिको योग छ । परिवारको सहयोग प्राप्त हुने छ ।

वृष : बाहिरी सम्बन्ध राम्रो रहने छ । अर्कामाथि भरोसा नगर्नु होला ।

मिथुन : अनावश्यक खर्चको योग छ । व्यर्थको यात्रा र हैरानी हुन सक्छ ।

कर्कट : राजनीतिक कार्य सफल हुने छ । जग्गा खरिद हुने योग छ ।

सिंह : सम्बन्धहरूमा इमानदारी राख्नु होला । विरोधी कमजोर हुने छन् ।

कन्या : पारिवारिक सहयोग प्राप्त हुने छ । अनावश्यक खर्चको योग छ ।

तुला : सामाजिक कार्यमा वृद्धि हुने छ । लगानी बढ्दै जाने छ ।

वृश्चिक : आफ्ना इष्ट मित्रहरूसँग भेटघाट हुने छ । विवाद हुने योग छ ।

धनु : कार्यहरूमा सावधानी अपनाउनु होला । मुद्दा मामिलामा सफलता मिल्ने छ ।

मकर : मनमा शान्ति र प्रसन्नता बढ्ने योग छ ।

कुम्भ : नौलो वाहन खरिद हुने योग छ । पठनपाठनमा रुचि बढ्ने छ ।

मीन : खर्च बढ्ने योग छ । धार्मिक यात्रा हुने छ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेसनल एस्ट्रोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# बिउ बिरुवा आफैं उत्पादन गर्दै भूमिकास्थान नगरपालिका



**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ६ मंसिर

अर्घाखाँचीको भूमिकास्थान नगरपालिकाले आफ} बिउ उत्पादन गरी नगरपालिकाका किसानहरुलाई वितरण गर्दै आएको छ। नगरपालिकाले अन्य जिल्लाहरुमा समेत बिउ आपूर्ति गर्न शुरु गरेको छ।

धेरै स्थानीय पालिकाहरुको मातहतमा रहेका कृषि शाखाहरुले भने बाहिरी जिल्लाबाट बिउ खरिद गरी ल्याउने र किसानलाई वितरण गर्ने गरेका छन्।

तर भूमिकास्थान नगरपालिकाले गत वर्षदेखि बिउ उत्पादन गरी पालिकाभित्र र अन्य पालिका जिल्ला बाहिर बिक्रीवितरण गर्ने गरी उत्पादन गर्न थालेको हो । अहिले भूमिकास्थान नगरपालिकाले पहिलो पटक ठुलो मात्रामा आफैंले नगरपालिकाका विभिन्न ठाउँमा भाडामा लिएको जग्गामा प्याजको बिरुवा, अक्कबरे खुर्सानीको बिरुवा, मकै, धान, गहुँ उत्पादन गरी बिउ बनाएर बिक्रीवितरण अभियान शुरु गरेको हो। अब नगरपालिकाले कर्मशियल जनशक्ति परीचालन गरी बाँझो खेतवारी लिजमा लिएर मकै, गहुँ, धान प्याज, खुर्सानी, घिरौला लगायत सिजन अनुसारको तरकारी फलफुलहरुको बिउ किसानको माग अनुसार वितरण गर्न शुरु गरिएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत जगदीशचन्द्र नेपालीले जानकारी दिए। अधिकृत नेपालीले भने,' अहिले हामिले मकै, धान, गहुँ, प्याज, खुर्सानी, काक्रो, घिरौला लगायतका सिजन अनुसारका बिउहरु नगरपालिकाका सबै किसानलाई आफैं उत्पादन गरेको हाईब्रेट बिउ वितरण शुरु गरेका छौं।' अब गहुँ,मकै धानसहितका तरकारी फलफूलको बिउ उत्पादन गर्नका लागि पनि जग्गा लिजमा लिएर उत्पादन गर्ने तयारी गरेकोले अब अन्य पालिकामा समेत भूमिकास्थान नगरपालिकाले बिउबिरुवा बिक्री गर्ने तयारी गरेको नेपालीले जानकारी दिए।

यसअघि मकै, धान, गहुँको मूल बिउ कृषि अनुसन्धान केन्द्र भैरहवाबाट खरिद गरी भूमिकास्थान नगरपालिकाकामा ल्याइ ५० प्रतिशत र ७५ प्रतिशत अनुदानमा किसानलाई वितरण गर्ने गरिएकोमा अहिले वडा नम्बर ९ को ढिकुरा चरेपानी वडा नम्बर १० को धनचौर, धाकावाङ, असुरकोट लगायतका ठाउँमा मकै, धान लगाई त्यहाँबाट उन्नत जातको बिउ उत्पादन भएपछि अन्यपालिकालाई वितरण गर्ने तयारी गरिएको नगरप्रमुख झबिलाल थापाले बताए । मागमा आधारित उत्पादनमा आधारित बिउ कृषकलाई उपलब्ध गराउने थापाको भनाइ छ। अहिले पहिलो, दोस्रो वर्ष, पहिलो वर्ष भन्दा निकै राम्रो उत्पादन भएको किसानको माग पूर्ति गर्न गत वर्ष नसकेपनि यस वर्ष बिउ माग अनुसार उत्पादन भएको थापाले दाबी गरे। मनकामना- ३ रामपुरकम्पोजिट नामक मकैको झन्डै १ सय ५ कुइन्टल बिउ आउने वर्षका लागि उत्पादन गरी वितरण गर्ने गरी अहिले नगरपालिकाले १२ जना कर्मसियल परिचालन गरी रोजगारी सिर्जना गरिएको नगरपालिकाका उपप्रमुख बालकृष्ण बन्जाडेले बताए। अहिले नगरपालिकाले राखेको कर्मसियल जनशक्ति मकै, धान, गहुँको बिउ तयारीका लागि खटाएको छ भने उनीहरुलाई दैनिक ६ सय रुपैयाँ ज्याला नगरपालिकाले उपलब्ध गराउने गरेको नगरपालिकाका योजना अधिकृत हरिषचन्द्र भुसालले जानकारी दिए।

यस्तै १४ हेक्टर भन्दा बढी क्षेत्रफलमा लगाएको सुक्खा ३ र सुक्खा ६ धानको बिउ निकै राम्रो उत्पादन भएको छ। ठाउँठाउँमा बेमौसमी वर्षाका कारण धानबालीमा क्षति भएको समयमा भूमिकास्थान नगरपालिकाले लगाएको मकै धान खेति निकै राम्रो देखिएको नगरपालिकाका अधिकृत शेषकान्त घिमिरेले बताए। नगरपालिकाले काक्रो, सिमी, बोडि लगायत बेमौसमी तरकारिका बिरुवा नगरपालिकाको भवन पछाडि उत्पादन गरी गत वर्षदेखि नगरपालिकाबासिलाई बिक्रीवितरण गर्ने गरेको छ ।

भूमिकास्थान नगरपालिकाबाट अर्घाखाँचीका सन्धिखर्क नगरपालिका, सितगंगा नगरपालिका, मालारानी गाउँपालिका, पाणिनी गाउँपालिका, छत्रदेव गाउँपालिकालाई बिउ बिक्रीवितरण गर्ने नगरपालिकाले तयारी गरेको नगरपालिकाका कृषिशाखा प्रमुख बताउँछन्।

बर्सेनी बिउमा मात्र लाखौं रुपैयाँ खर्च गर्दै आएको भूमिकास्थान नगरपालिकाले गत वर्षदेखि बिउ उत्पादनमा आत्मनिर्भर भइ जिल्लाका सबै पालिका र बाहिर जिल्लामा समेत निर्यात गर्दा आर्थिकपार्जन मात्र होइन, जिल्लामा कृषि क्षेत्रमा समेत फड्को मारेको छ।


## साउदीमा रोजगार

कम्पनी : SAAD BIN AHMED BIN ABDULLAH AL ISSA RESTAURANT FOR CATERING शहर : RIYADH
पूर्व स्वीकृत मितिः २०८१/०८/०६ चलानी नं.: ६०२२८३६३ LT. No.: 313935

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiters | 3 | 0 | स. काममा दक्ष | 1200 | ४३,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ मंसिर १४ गते (29 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Al Sasha Overseas Pvt. Ltd.
Pingalasthan, Gaushala, Kathmandu, Tel: 01-4592240, 4592241
Gov. Lic No. 1488/074/075

## कुवेतमा रोजगार

कम्पनीः MUG COFFEE & ROASTER शहरः Kuwait
पूर्व स्वीकृत मितिः २०८१/०३/१७ चलानी नं.: ६०२२१७५८ L.T. No.: 307026 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barista | 6 | 5 | स. काममा दक्ष | 140 | ६१,३३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर १४ गते (29 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निशुल्क |

अन्जुलिमा इन्टरनेशनल प्रा. लि.
ANJULIMA INT'L People. Factor. Perspective
पोष्ट बक्स नं. २३२५१, कालीमाटीडोल, एयरपोर्ट, काठमाडौं, फोनः ४५७३१००, ४५७३३००, ४५८८३६९
Email: anjulimaintl@yahoo.com | Web: www.anjulimaintl.com
श्रम इजाजत नं. ७७४/०६५/०६६

## साउदीमा रोजगार

१. कम्पनीः Completion Support Contracting Company शहरः Saudi Arabia
पूर्व स्वीकृत मितिः २०८१/०८/०५ चलानी नं.: ६०२२८३५० L.T. No.: 313951

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Cleaner | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Construction Labour (Builder) | 10 | 0 | | 1200 | ४३,०८० | | | | | | |
| 3. | Helper | 10 | 0 | | 1000 | ३५,९०० | | | | | | |
| 4. | Load & Unloading Workers | 3 | 0 | | 1000 | ३५,९०० | | | | | | |
| 5. | Loading & Unloading Workers | 4 | 0 | | 1000 | ३५,९०० | | | | | | |

२. कम्पनीः Rawasi Al-Shamal Maintenance and Cleaning Company शहरः Jubail
पूर्व स्वीकृत मितिः २०८१/०८/०५ चलानी नं.: ६०२२८३४९ L.T. No.: 313950

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chef | 1 | 0 | स. काममा दक्ष | 2000 | ७१,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

३. कम्पनीः Ali Al-Hussan Contracting Establishment शहरः Riyadh
पूर्व स्वीकृत मितिः २०८१/०८/०५ चलानी नं.: ६०२२८३४८ L.T. No.: 313949

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Heavy Truck Driver | 20 | 0 | | 1800 | ६४,६२० | | | | | | |

४. कम्पनीः National Contracting Company शहरः Riyadh
पूर्व स्वीकृत मितिः २०८१/०८/०५ चलानी नं.: ६०२२८३५१ L.T. No.: 313952

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labour (builder) | 1 | 0 | स. काममा दक्ष | 1300 | ४६,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

५. कम्पनी : Mobarak M. Al Salomi & Partners for Contracting Co शहर : Saudi Arabia
पुर्व स्वीकृत मितिः २०८१/०५/११ चलानी नं.: ६०२२४१८९ LT. No.: 309506 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction workers | 25 | 0 | स. काममा दक्ष | 1000 | ३५,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

६. कम्पनी : Raboua Al-Saman Contracting Est शहर : Saudi Arabia
पुर्व स्वीकृत मितिः २०८१/०५/११ चलानी नं.: ६०२२४१९० LT. No.: 309505 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Heavy Equipment Driver. | 4 | 0 | | 2500 | ८९,७५० | | | | | | |
| 3. | Heavy Truck Driver | 1 | 0 | | 1800 | ६४,६२० | | | | | | |
| 4. | Workshop Worker | 7 | 0 | | 1200 | ४३,०८० | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर १४ गते (29 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | कम्पनी १ निशुल्क अन्य रु. १०,००० कामदारले |

अन्नपूर्ण इन्टरनेशनल सर्भिसेज प्रा. लि.
पि.ओ.बक्सः ११११, सिनामंगल-९, काठमाडौं, नेपाल, (एयरपोर्ट नजिक), फोनः ०१-४५६६७३३, ०१-४५८५७३०
Fax No: 01-4566955, Email: cv.annapurna@gmail.com, Url: www.aisp.com.np, Mobile: 9801314441 | 9801314442 | 9801314443 | 9801314445.
श्रम इजाजत पत्र नं. ०९९/०५३/००५४

## साउदीमा रोजगार

कम्पनी : TALAL HAMAD AL BINALI GENERAL CONTRACTING EST शहरः DAMMAM
पुर्व स्वीकृत मितिः २०८१/०८/०५ चलानी नं.: ६०२२८३७८ LT. No.: 313962

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Drivers | 2 | 0 | स. काममा दक्ष | 1800 | ६४,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी : DARK AL-SHARQ TRANSPORTATION EST. शहरः SAUDI
पुर्व स्वीकृत मितिः २०८१/०८/०५ चलानी नं.: ६०२२८३७७ LT. No.: 313961

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Drivers | 3 | 0 | स. काममा दक्ष | 1800 | ६४,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी : HUSSAIN AMER H. AL SHUQAIH EST FOR GENERAL CONTRACTING शहरः JUBAIL
पुर्व स्वीकृत मितिः २०८१/०८/०६ चलानी नं.: ६०२२८३७९ LT. No.: 313993

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३५,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी : SAUDI NATIONAL ENTERPRISE CO. LTD शहरः DAMMAM
पुर्व स्वीकृत मितिः २०८०/१०/१९ चलानी नं.: ६०२१४३१४ LT. No.: 299303 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 42 | 0 | स. काममा दक्ष | 1800 | ६४,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर १४ गते (29 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

A.S. International Group Pvt. ltd.
Samakhusi-26, Kathmandu Nepal,Tel: 01-5900381/5901381. Email: asintldemand@gmail.com. Mobile: 9801082460, 9801082461,9801082462.
Gov. Lic. No 1155/073/74


Invitation for Quotations
Province Government
Ministry of Industry, Agriculture and Cooperatives
**Directorate of Agriculture Development**
# Agriculture Knowledge Center, Panchthar
Koshi Province, Nepal

## Invitation For Sealed Quotation

**Notice No. 01/081/82**
**First Date of Publication: (2081/08/07)**

1. Agriculture Knowledge Center, Panchthar Invites Sealed Quotation only from Eligible Bidders for the Followin works;

| Sealed Quotation No.. | Description of work | Estimated Amount (Excluding VAT & PS) | Bid Security (NRs.) | Bid Document Fee NRs. |
|---|---|---|---|---|
| AKC-PAN-SQ-WALL-081/82-01 | Construction of Plum Concrete Retaining Wall at Krishi G an Kendra, Phidim | 15,92,750.13 | 45,000.00 | 1,000.00 |

2. Deadline for purchase, Bid Submission and Opening Date:

| Deadline Date (Bid purchase) | Deadline Date (Bid submission) | Bid Opening Date | Revenue a/c No: | 27002000001001000001 | Office Code: | 3120102011 |
|---|---|---|---|---|---|---|
| (2081/08/21 16:00 hrs | (2081/08/ 22) 12:00 hrs | (2081/08/ 22) 14:00 hrs | Revenue Heading No: | 14229 | Nepal Bank Limited, Phidim | |
| | | | Deposit a/c No: (Dharauti) | 06702000002003000001 | Pra.le.ikai.ka | |
| | | | Name of office | Agriculture Knowledge Center, Panchthar | | |
| | | | Bank | Nepal Bank Limited, Phidim | | |

3. Submitted bid should be valid for 45 days & Bid Security period shall be 30 days beyond bid Validity period. Bidder has to submit their bid in HARD COPY only. They may obtain the complete set of bidding documents for further information, inspection & submission by reaching out at office.
4. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
5. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
6. Matters not covered in this notice shall be treated in accordance with PPA-2063 and PPR-2064 (Latest addendum)

**Office Chief**

## नबिल बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

**(प्रकाशित मिति : २०८१/०८/०७)**

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृतिपत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेतागर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ताभुक्तानगर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ताभुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी तथा अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ताभुक्तान नगरेमा ऋणकर्जा रकम ऋणी तथा जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चलअचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलामबिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुलउपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी तथा जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधीभित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ताभुक्तान गर्नका लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम आवश्यक व्यवस्था गरी बैंकले आफ्नो लेना असुलउपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

| | तपसिल |
|---|---|
| १ | **ऋणीको नाम र ठेगानाको विवरण (चन्द्रपुर शाखा, रौतहट)** |
| | फेकु महतोको नाति महादेव महतो सुडीको छोरा रौतहट जिल्ला, विश्रामपुर गा.वि.स. वडा नं ९ स्थायी घर भई हाल रौतहट जिल्ला, वृन्दावन न.पा. वडा नं २ बस्ने, ना.प्र.नं. १४३१ (जारी मितिः २०५६/२/२७, स्थान रौतहट) भएका **राम बाबु महतो सुडी ।** |
| | **व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण** |
| | दौलत महतो सुडीकी छोरी महादेव महतो सुडीकी बुहारी राम बाबु महतो सुडीकी श्रीमति रौतहट जिल्ला, विश्रामपुर गा.वि.स. वडा नं ९ स्थायी घर भई हाल रौतहट जिल्ला, वृन्दावन न.पा. वडा नं २ बस्ने, ना.प्र.नं. १४८३ (जारी मितिः २०५६/३/७, स्थान रौतहट) भएकी **सुरतिया देवी ।** |
| | **धितोको विवरण** |
| | रौतहट जिल्ला, विश्रामपुर गा.वि.स. वडा नं ९ स्थायी घर भई हाल रौतहट जिल्ला, वृन्दावन न.पा. वडा नं २ बस्ने, **सुरतिया देवी**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रौतहट जिल्ला, च.पुर गा.वि.स. वडा नं ५, नक्सा सीट नं ५ मा अवस्थित कि.नं. ३२१४ क्षेत्रफल ०-०-९-० विघा घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत । |
| २ | **ऋणीको नाम र ठेगानाको विवरण (गल्छी शाखा, धादिङ)** |
| | विर बहादुर तमाङकी छोरी, श्याम बहादुर तामाङकी बुहारी जेठा तामाङकी श्रीमति धादिङ्ग जिल्ला, बैरेनी गा.प. वडा नं. ६ स्थायी घर भई हाल धादिङ्ग जिल्ला, बैरेनी गा.वि.स वडा नं. ८ बस्ने, ना.प्र.नं. ११९०० (जारी मिति २०५२/९/३, स्थान धादिङ्ग) भएकी **सुन माया तमाङ ।** |
| | **व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण** |
| | १. औतार सिं तामाङको नाति श्याम बहादुर तामाङको छोरा धादिङ्ग जिल्ला, बैरेनी गा.वि.स वडा नं. ६ बस्ने, ना.प्र.नं. ७२४६ (जारी मिति २०५१/११/१०, स्थान धादिङ्ग) भएका **जेठा तामाङ ।**<br>२. श्याम बहादुर तामाङको नाति जेठा तामाङको छोरा धादिङ्ग जिल्ला, बैरेनी गा.वि.स वडा नं. ६ बस्ने, ना.प्र.नं. २६१/६३३१३ (जारी मिति २०६९/१२/०६, स्थान धादिङ्ग) भएका **मान बहादुर तामाङ ।** |
| ३ | **ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण (सिमरा शाखा, बारा)** |
| | प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम प्रदेश सरकार, प्रदेश नं. २, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, कलैया, बारामा मिति २०७५/०८/०९ मा प्रा.फ.नं.घ.उ.वि. ७०८३/३०९/०७५/७६ अन्तर्गत दर्ता भएको **न्यू शर्मा मेटल फर्निचर उद्योग ।**<br>ठेगाना : बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. १८ ।<br>**ऋणी फर्मका प्रोप्राइटरः**<br>टिकाराम घिमिरेको नाति खडानन्द घिमिरेको छोरा बारा जिल्ला, मनहर्वा गा.वि.स. वडा नं. ५ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. १८ बस्ने, ना.प्र.नं. २२७९/१९५४ (जारी मिति २०५९/२/१०, स्थान बारा) भएका **ओम प्रसाद घिमिरे ।** |
| | **व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण** |
| | नारायण थापाकी छोरी खडानन्द घिमिरेकी बुहारी ओम प्रसाद घिमिरेकी श्रीमति बारा जिल्ला, फत्तेपुर गा.वि.स. वडा नं. ४ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. १८ बस्ने, ना.प्र.नं. २१४९८ (जारी मिति २०६३/५/१९, स्थान बारा) भएकी **सुनिता थापा ।** |
| | **धिताको विवरण** |
| | १. बारा जिल्ला, मनहर्वा गा.वि.स. वडा नं. ५ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. १८ बस्ने, **ओम प्रसाद घिमिरे**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको बारा जिल्ला, मनहर्वा गा.वि.स. वडा नं. ७, नक्सा सीट नं ७ मा अवस्थित कि.नं. ५८४ क्षेत्रफल ०-१-१७-७ को घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।<br>२. बारा जिल्ला, मनहर्वा गा.वि.स. वडा नं. ५ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. १८ बस्ने, **ओम प्रसाद घिमिरे**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको बारा जिल्ला, भोडहा गा.वि.स. वडा नं. ६, नक्सा सीट नं ६गा मा अवस्थित कि.नं. १५२ क्षेत्रफल ०-०-१९-८ को घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत । |
| ४ | **ऋणीको नाम र ठेगानाको विवरण (सिमरा शाखा, बारा)** |
| | तोयनाथ दहालकी छोरी बासदेव राउत अहिरकी बुहारी इनर राउत अहिरकी श्रीमति बारा जिल्ला, कलैया न.पा. वडा नं. ११ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. १८ बस्ने, ना.प्र.नं. २०४२० (जारी मिति २०५६/९/१६, स्थान बारा कलैया) भएकी **गोमा देवी यादव ।** |
| | **व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण** |
| | १. बासदेव राउत अहिरको नाति इनर राउत अहिरको छोरा बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. ८ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमराउ.म.न.पा. वडा नं. १८ बस्ने, ना.प्र.नं. ३३-०१-७७-०५९९२ (जारी मिति २०७७/०९/१५, स्थान बारा) भएका **निशान्त यादव ।**<br>२. बासदेव राउत अहिरको नाति इनर राउत अहिरको छोरा बारा जिल्ला, कलैया न.पा. वडा नं. ११ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. १८ बस्ने, ना.प्र.नं. ३३१०५५/७६६६ (जारी मिति २०६७/०७/०८, स्थान बारा) भएका **निर्मल कुमार यादव ।** |
| | **धिताको विवरण** |
| | बारा जिल्ला, कलैया न.पा. वडा नं. ११ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. १८ बस्ने, **गोमा देवी यादव**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको बारा जिल्ला, भोडहा गा.वि.स. वडा नं. ६, नक्सा सीट नं ६ग मा अवस्थित कि.नं. १८६० क्षेत्रफल ०-१२-१५ विघा घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत । |

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१


## UAE मा रोजगार ELIO ALUMINIUM FABRICATORS L.L.C

पूर्व स्वीकृत मितिः २०८१/७/३० चलानी नं.: ६०२२८३६७ LT No.: 313692

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Aluminum Fitter | 8 | 0 | काममा दक्ष | 1200 | ४४,१८०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| २. | Building Labour | 9 | 0 | | 800 | २९,४५०।- | | | | | | |
| ३. | Factory Worker | 4 | 0 | | 800 | २९,४५०।- | | | | | | |
| ४. | Metal Structure Install Worker | 9 | 0 | | 800 | २९,४५०।- | | | | | | |
| ५. | Reinforcing Fitter Assistant | 4 | 0 | | 1000 | ३६,८००।- | | | | | | |
| ६. | Steal Fixer | 9 | 0 | | 1200 | ४४,१८०।- | | | | | | |

अन्तरवार्ता २०८१ मंसिर १४ गते (29 Nov., 2024) यस प्रा. लि. कार्यालय, महाराजगंज, काठमाडौंमा हुनेछ ।

SAB International Human Resource Pvt. Ltd.
Baluwakhani Road, Basundhara (Behind Mother House), Kathmandu
Tel: 01- 4016509, 4016503, 9818258132, 9851054632, 9816138559, 9851234288
Gov. Lic. No.: 984/067/068

## साउदीमा रोजगार

कम्पनीः NINTH COFFEE COMPANY LIMITED IS A ONE-PERSON COMPANY शहरः Riyadh
पूर्व स्वीकृत मितिः २०८१/०८/०६ चलानी नं.: ६०२२८३६५ L.T. No.: 313881

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food and Beverage Counter Worker | 3 | 0 | स. काममा दक्ष | 1000 | ३५,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ मंसिर १७ गते (2 December 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

Space Overseas Services Pvt. Ltd.
Budhanilkantha, Kathmandu, Tel: 4376717, 4379275, Fax: 4377352
E-mail : info@spaceoverseas.com, Web : www.spaceoverseas.com
श्रम इजाजत पत्र नं.: १११/०५४/०५५

# प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम प्रारम्भ

काठमाडौं/मस- मुलुकमा संघीयता लागू भएसँगै संविधानबाटै संघ, प्रदेश र स्थानीय तहका सरकारहरूबीच अधिकार र कार्यजिम्मेवारीको बाँडफाँटअनुसार तीन वटा प्रदेशमा सडक सञ्जाल सुधार गर्ने कार्यको प्रारम्भ गरिएको छ। शहरी विकास मन्त्रालयको संयोजकत्वमा आगामी पाँच वर्षमा मधेश, कर्णाली र सुदूरपश्चिम प्रदेशमा करिब रु १६ अर्ब ६४ करोडको लागतमा सडक सञ्जाल सुधार गर्ने कार्यको प्रारम्भ गरिएको हो।

शहरी विकास मन्त्रालयअन्तर्गत विश्व बैंकको ऋण सहयोगमा उक्त 'प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम'को बिहीबार आयोजित समारोहमा शुभारम्भ तथा समझदारी पत्रमा हस्ताक्षर भएको छ। प्रादेशिक सडक सञ्जालको सुधार, सडक सञ्जालले नजोडिएका स्थानीय तहका केन्द्रमा आधारभूत सर्वयाम सडक पहुँच पुऱ्याउने साथै स्थानीय र प्रदेश सरकारको क्षमता अभिवृद्धि तथा संस्थागत सुदृढीकरण गर्ने कार्यक्रमको उद्देश्य रहेको मन्त्रालयले जनाएको छ।



उक्त कार्यक्रमअन्तर्गत २०० किमी सडक सर्वायाम सञ्चालन हुने गरी प्रादेशिक सडक स्तरोन्नति गर्ने, ३०० किमी प्रादेशिक सडकको आवधिक मर्मत गर्ने, २५०० किमी सडकको नियमित मर्मत सम्भार गर्ने, १०० किमी नयाँ सडक निर्माण गरी स्थानीय तह तथा वडा केन्द्रसम्म सर्वयाम सडकको पहुँच पुऱ्याउने कार्यक्रमको लक्ष्य रहेको छ। यसैगरी संघ, प्रदेश तथा स्थानीय तहको संस्थागत क्षमता विकास गर्ने, सडक पूर्वाधार निर्माण गर्ने निकायहरुको सडक सुरक्षा व्यवस्थापन सम्बन्धी क्षमता वृद्धि गर्ने कार्यक्रमको लक्ष्य छ।

समारोहमा उपप्रधानमन्त्री एवं शहरी विकास मन्त्री प्रकाशमान सिंहले यस कार्यक्रमले संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनापछि तीनै तहका सरकारबीच विकास निर्माणमा समन्वयात्मक भूमिका निर्वाह हुने बताए। साथै उनले सडक सञ्जाल विकासका लागि मेरुदण्ड भएको बताउँदै तीन तहका सरकारको समन्वय रहेकाले यो परियोजना समयमै सम्पन्न हुने अपेक्षा गरे। यसरी प्रादेशिक र स्थानीय सडक निर्माण तथा मर्मत गर्दा दिगो बनाउनका लागि वातावरणमैत्री, जलवायुमैत्री र श्रमिक मैत्री हुनुपर्ने उनको जोड थियो।

समारोहमा मन्त्रालयका सचिव मणिराम गेलालले कार्यक्रम कार्यान्वयनमा प्रदेश र स्थानीय सरकारको बढी भूमिका रहेको र संघले नीतिगत र बजेटको व्यवस्थाका लागि सहजीकरण गर्ने बताए। साथै उनले सबै स्थानीय तहका केन्द्रसम्म पुग्ने सडकहरुलाई कालोपत्रे गर्नुका साथै अन्य प्रादेशिक तथा स्थानीय सडकहरुको निर्माण, स्तरोन्नतिका साथै मर्मत सुधार कार्यका लागि ठूलो लगानीको आवश्यकता पर्ने हुँदा विकास साझेदारहरुको सहयोग समेतको आवश्यकता देखिएको उल्लेख गरे।

विश्व बैंकका 'सिनियर अपेरेसन अफिसर' विज्ञान प्रधानले यस कार्यक्रमको सफलताले स्थानीय सेवाग्राहीलाई ठूलो सहयोग पुग्ने बताए। समारोहमा तीनै तहका भौतिक मन्त्रीहरुले एवं स्थानीय जनप्रतिनिधिहरुले उक्त कार्यक्रमलाई सफल बनाउन आफ्नो तर्फबाट पूर्ण सहयोग रहने प्रतिबद्धता व्यक्त गरे।

उक्त कार्यक्रमका संयोजक माधवप्रसाद भट्टराईले कार्यक्रमको आवश्यकता र औचित्यतामाथि प्रकाश पार्दै कार्यक्रम संचालनका लागि तीन तहका सरकार, शहरी विकास मन्त्रालय, प्रादेशिक भौतिक मन्त्रालय र स्थानीय तहको संस्थागत व्यवस्था समेत गरिएको जानकारी दिए। साथै उनले प्रदेश र स्थानीय तहले सिधै विकास साझेदारसँग सम्झौता गर्न सकिने व्यवस्था नहुँदा केन्द्र सरकारले विकास साझेदारसँग सम्झौता गरी सो रकम प्रदेश र स्थानीय तहमार्फत खर्च गरिने उल्लेख गरे।

संविधानको अनुसूचीमा राष्ट्रिय यातायात नीति, रेल तथा राष्ट्रिय लोकमार्गको व्यवस्थापनको जिम्मेवारी संघ सरकारको हुने तथा प्रदेश लोकमार्गको जिम्मेवारी प्रदेश सरकारको र स्थानीय सडक, ग्रामीण सडक, कृषि सडकको जिम्मेवारी स्थानीय तहको हुने भनी उल्लेख छ।

साथै पन्ध्रौं योजनाको दीर्घकालीन सोच अनुसार विसं २१०० सम्ममा ९९ प्रतिशत घर परिवारलाई ३० मिनेटको दुरीमा सर्वयाम सञ्चालित यातायात पहुँच पुऱ्याउने लक्ष्य रहेको छ। साथै सोही योजनाको अपेक्षित उपलब्धिमा स्थानीय तहका केन्द्र र सबै वडा कार्यालय सडक सञ्जालबाट जोडिएका हुने भनी उल्लेख छ।

सन् २०१९ मा गरिएको अध्ययनमा २१ स्थानीय तहका केन्द्रहरु सडक संजालमा नै नजोडिएका तथा सडक संजालले छोएका २०० स्थानीय तहका केन्द्रहरु जोड्ने सडकहरु धुले अवस्थामा भइ सुख्खा मौसमी मात्र रहेको देखिएको थियो। ती सडकहरुलाई पक्की सडकमा स्तरोन्नति गरी सर्वयाम सञ्चालन योग्य बनाउनु पर्ने अध्ययनको सुझाव छ।

कार्यक्रमको अवधि आर्थिक वर्ष २०८०/८१ देखि २०८४/८५ सम्म रहेको छ। कार्यक्रमको लागत अनुमान १२८ मिलियन अमेरिकी डलर (करिब १६ अर्ब ६४ करोड रुपैयाँ) रहेको छ। त्यसमध्ये १०० मिलियन अमेरिकी डलर विश्व बैंकको ऋण र २८ मिलियन अमेरिकी डलर नेपाल सरकारको रहने समझदारी पत्रमा उल्लेख छ।


## Darma Rural Municipality
## Office of the Rural Municipal Executive
**Pharulachaur, Salyan**
**Karnali Province, Nepal**

### Invitation for bid

**First date of publication: 2081/08/07 (22nd, Nov, 2024)**

1. Darma Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the following contract.

| S. N. | Contract No. | Description of Works | Estimated cost (w/o VAT) | Cost of bid Documents (NRs) | Minimum bid security amount | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | DRM/NCB/G/01/2081/082 | Procurement and supply of medicine at a Darma rural municipality | 24,79,181.00 | 3,000.00 | 62,500.00 | |
| 2. | DRM/NCB/G/02/2081/082 | Procurement and supply of Mini Tiller at Darma rural municipality | 26,37,168.14 | 3,000.00 | 75,0000.00 | |
| 3. | DRM/NCB/W/B/02/2081/082 | Construction of Nepal Manab dharma sewa samiti shakha aashram building, Darma, 02, Salyan | 25,81,353.60 | 3,000.00 | 73,000.00 | |
| 4. | DRM/NCB/W/B/03/2081/082 | Construction of Shahid pratisthan Building, Darma, 03, Salyan | 44,82,948.11 | 3,0000.00 | 1,30,000.00 | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Darma Rural Municipali, Pharulachaur, Salyan, Tel.ph. No. :9857844464, 9847911584, e-mail: ito.darmamun.gov.np or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Website www.bolpatra.gov.np./egp.. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank : Nabil Bank ltd.**
   **Name of Office : Darma Rural Municipality**
   **Office Account no. : 7301017500275**
4. Pre-bid meeting shall be held at Office of the Darma Rural Municipality at 13:00 hours, 2024/12/12.
5. Electronic bids must be submitted to the office through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 hours on 2024/12/22. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 hour on 2024/12/22 at the office of Darma Rural Municipality, Pharulachaur, Salyan. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, which shall be valid for 30 days beyond the validity period of the bid.The bid security shall be, at the Bidder's option, in any of the following forms:
   (a) an unconditional bank guarantee from Commercial Bank or Financial Institution eligible to issue Bank Guarantee as per prevailing Law **or;**
   (b) a cash deposit voucher in the Employer's Account as specified below:
   **Name of the Bank : Nabil Bank Ltd..**
   **Name of Office : Darma Rural Municipality**
   **Dharauti Account no. : 7301017500290**
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Adminstrative Officer**

## युएईमा रोजगार

कम्पनी: TROJAN GENERAL CONTRACTING LLC — शहर: ABU DHABI
पूर्व स्वीकृत मितिः २०८१/०८/०६ — चलानी नं.:६०२२८३५५ — L.T. No.: 313927

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Labour | 100 | 0 | स. काममा दक्ष | 900 | ३३,०२१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: BUILTWAY CONSTRUCTION L L C., DUBAI UAE — शहर: DUBAI
पूर्व स्वीकृत मितिः २०८१/०८/०४ — चलानी नं.:६०२२८३५६ — L.T. No.: 313836

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Mason, Bricks | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Builder (Mason) | 1 | 0 | | 1200 | ४४०२८ | | | | | | | |
| 3. | Building Labour | 3 | 0 | | 800 | २९३५२ | | | | | | | |
| 4. | Gen. Carpenter | 3 | 0 | | 1200 | ४४०२८ | | | | | | | |
| 5. | Plaster & Brick Mason | 1 | 0 | | 1200 | ४४०२८ | | | | | | | |
| 6. | Tile Layer | 5 | 0 | | 1200 | ४४०२८ | | | | | | | |

कम्पनी: MAZAYA RECRUITMENT - SOLE PROPRIETORSHIP L.L.C — शहर: ABU DHABI
पूर्व स्वीकृत मितिः २०८१/०८/०२ — चलानी नं.:६०२२८३५७ — L.T. No.: 313806

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Carpenter | 13 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४०२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electrician. | 12 | 0 | | 1200 | ४४०२८ | | | | | | | |
| 3. | Plasterer/mson | 19 | 0 | | 1200 | ४४०२८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर १४ गते (29 November 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
